CC-0.In Public Domain. Digitization by eGangotri

वेदको सामान्यज्ञान

(General Knowledge on Veda)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

निर्मलमणि अधिकारी उपाध्याय

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वेदको सामान्यज्ञान

लेखक
निर्मलमणि अधिकारी उपाध्याय, पीएच.डी. र पोस्ट्डक्टरेट्, एम्.फिल्., एम.ए.
सहप्राध्यापक, भाषा तथा आमसञ्चार विभाग
काठमाडौँ विश्वविद्यालय, नेपाल

प्रकाशक
जरो किलो प्रतिष्ठान नेपाल
काठमाडौँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कृति : *वेदको सामान्यज्ञान*
लेखक : निर्मलमणि अधिकारी उपाध्याय
अनुसन्धान सहयोगीहरू : बलराम प्रजापति, सुशील गौतम, बिना अधिकारी वाग्ले र श्रीरामप्रसाद पोखरेल
प्रकाशक : जरो किलो प्रतिष्ठान नेपाल, काठमाडौँ, ०१-४२२१५५५
सर्वाधिकार : © निर्मलमणि अधिकारीमा सुरक्षित
प्रथम संस्करण : वि.सं. २०७६ (सन् २०२०)
ISBN : 978-9937-0-68
मुद्रक : डिजिटल प्रिन्टलिङ्ग
मूल्य : रु. १५०।-
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

समर्पण

ब्रह्मलीन परम् पूज्य पिताजी पण्डित रुद्रमणि अधिकारीका सम्मानमा समर्पित ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्राक्कथन

वेद के हो ? वेदमा के छ ? वेद पढेर के हुन्छ ? वेदको महत्त्व, सान्दर्भिकता, उपयोगीता वर्तमान युगको लागि के छ ? यस्ता जिज्ञासाहरू लिएर मलाई भेट्न आउने, फोन गर्ने वा सामाजिक सञ्जाल मार्फत् सोध्ने महानुभावहरूको संख्या ठूलो छ र यो बढोत्तरीमा देख्छु । उहाँहरूका जिज्ञासालाई सम्बोधन गर्दै हामीले केही भिडियोहरू बनाई ऋक् टीभी (युट्यबु च्यानल) मा राखेका पनि छौं । जिज्ञासुहरूको थप आग्रहका कारणले यो पुस्तक पनि तयार भएको छ ।

प्रस्तुत पुस्तकलाई अध्याय वा प्रकरणमा संरचना नगरी पहिले प्रश्न राखेर त्यसपछि उक्त प्रश्नको विषयवस्तुमा परिचर्चा गरिएको छ । जिज्ञासुहरूले मलाई धेरै सोधिरहने प्रश्नहरू यहाँ समावेश छन् । यो पुस्तक पढिसक्दा थप जिज्ञासाहरू बढे भने यही पुस्तकमा दिइएका पादटिप्पणी र सन्दर्भसामग्रीको सूचीबाट अन्वेषण, अध्ययन, पठनपाठन कार्य अघि बढाउन मद्दत पुग्नेछ । वेदको अनुशीलनका मार्गमा पहिलो खुड्किलो त वेदबारे सामान्य जानकारी राख्नु नै हो । प्रस्तुत पुस्तकले वेदको सामान्यज्ञान दिँदै जनमानसलाई वेदको थप अन्वेषण, अनुशीलन, परिशीलनतर्फ प्रेरित गर्ने आशा लिएको छु ।

जिज्ञासुहरूका लागि प्रस्तुत पुस्तक उपयोगी हुने विश्वास सहित जरो किलो प्रतिष्ठान नेपालले प्रकाशन गरेको हो । यो पुस्तकको लेखनका क्रममा अनुसन्धान, संयोजन एवं सम्पादनमा प्रत्यक्ष तथा परोक्ष योगदान दिने सबैजनालाई हार्दिक साधुवाद दिन्छु ।

विनीत,
निर्मलमणि अधिकारी

तनहुँ जिल्ला, छाङ्ग गा.वि.स.–४, पिपलटार
सम्प्रति : भाषा तथा आमसञ्चार विभाग, काठमाडौं विश्वविद्यालय
इमेल : vedicbrahman@gmail.com

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विषय सूची

१. वेद भन्नाले के बुझ्नु पर्छ ? (वेद शब्दको विशेष अर्थ) १
२. वेद शब्दको सामान्य अर्थ के हो ? (वेद शब्दको बृहत्तर अर्थ) ३
३. प्रणव (ॐ), गायत्री र वेदको सम्बन्ध के हो ? ५
४. "वेद" पढेर के पाइन्छ ? ६
५. वेदलाई 'त्रयी' किन भनिन्छ ? ७
६. वेदलाई 'श्रुति' किन भनिन्छ ? ८
७. वेदलाई 'आम्नाय' किन भनिन्छ ? १०
८. वेदका रचनाकार वा लेखक को हुन् ? ११
९. वेद कति पुरानो हो ? १३
१०. ऋषि एवं ऋषिकाहरूले वेदका मन्त्रहरू कहाँ देखेका / सुनेका थिए ? १४
११. वेद किन चारवटा भएका हुन् ? १५
१२. संहिता, ब्राह्मण, आरण्यक र उपनिषद् के हुन् ? के ती सबैलाई वेद मानिन्छ ? वेदका शाखा कति छन् र शाखा भनेको के हो ? १८
१३. "वेद" का संहिताका पाठ्यसामग्री (अन्तर्वस्तु) कस्ता छन् ? २२
१४. वेदमा विज्ञान छ ? २६
१५. वेदका अङ्गहरू (वेदाङ्ग) के के हुन् ? साङ्गश्रुति भनेको के हो ? २८
१६. वैदिक सूत्रग्रन्थ, प्रातिशाख्य र अनुक्रमणी के हुन् ? ३०
१७. वेद र उपवेदको सम्बन्ध के हो ? ३२
१८. वेदका उपाङ्ग के हुन् ? ३३
१९. वेद (श्रुति) र स्मृति को सम्बन्ध के हो ? ३४
२०. वेद (निगम) र आगम ग्रन्थहरूको कस्तो सम्बन्ध छ ? ३६
२१. वेदमा कस्ता कस्ता ज्ञान छन् ? ३८
२२. वेदलाई विश्वको विधान भन्न सकिने आधार के हो ? ४३
२३. सनातन धर्मावलम्बीले वेदलाई सर्वाधिक् महत्त्वपूर्ण किन मानेका हुन् ? ४४
२४. वैदिक परम्परा भनेको के हो ? ४७
२५. वेदमा दर्शन छ ? कतिपयले त उपनिषद् कालदेखि मात्र दर्शन थियो भन्छन् नि ? ४९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

२६. वैदिक परम्पराका दर्शन कुन कुन हुन ? ५२
२७. वैदिक धर्म, सनातन धर्म र हिन्दू धर्म संज्ञाहरुलाई नेपालमा समानार्थक मानिएको किन हो ? ५८
२८. नेपालको मौलिक मष्ट (मष्टो) संस्कृति र तन्त्र परम्पराको वेदसँग कस्तो सम्बन्ध छ ? ५९
२९. नेपाल देश र नेपालीजनको लागि वेद किन महत्त्वपूर्ण ? ६०
३०. वेद सनातन धर्मावलम्बीको लागि मात्र हो वा सबैको लागि ? ६२

CC-0. In Public Domain. Digitization by eGangotri
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

१

वेद भन्नाले के बुझ्नु पर्छ ?

(वेद शब्दको विशेष अर्थ)

"वेद" – यो एक संस्कृत शब्द हो । संस्कृतमा "विद्" धातुबाट "वेद" शब्द बनेको हो । "विद्" धातुमा "घञ्" (घञ् = अ) प्रत्यय लागेर "वेद" शब्द बन्छ ।

यसरी शब्द व्युत्पत्तिका आधारमा वेद भनेको ज्ञान, जान्ने कार्य, विद्यासँग सम्बद्ध देखिन्छ । संस्कृत साहित्यको शब्द-रचनाको दृष्टिले 'वेद' शब्दको अर्थ ज्ञान हुन्छ, परंतु यसको प्रयोग साधारणतया ज्ञानको अर्थमा मात्र गरिँदैन (अर्थात्, जस्तोसुकै ज्ञानलाई वेद भनिँदैन)[1]; विशेषतः यो शब्दले प्राचीनतम् संहिताहरू, अर्थात् *ऋग्वेद, यजुर्वेद, सामवेद* र *अथर्ववेद* नामका ग्रन्थहरूको समूह (समष्टि) लाई जनाउँछ । तसर्थ, वेद शब्दको विशेष अर्थ "चारवटा अति प्राचीन संहिता ग्रन्थहरू" (*ऋग्वेद, यजुर्वेद, सामवेद* र *अथर्ववेद*)[2] भनेर जान्नु नै सबै भन्दा उपयुक्त हो, जसलाई नित्य, अपौरुषेय (ऋषि एवं ऋषिकाहरूद्वारा अन्तः श्रुत), पवित्र, सार्वजनीन साथै सम्पूर्ण ज्ञान, कर्म, उपासना एवं विज्ञानको पनि स्रोत मानिन्छ ।

वेदलाई जनाउन विभिन्न शब्दहरू व्यवहृत छन् । तीमध्ये त्रयी, श्रुति र आम्नाय धेरै प्रयोग हुने नामहरू हुन् । उपर्युक्त नामहरू प्रचलित हुनुको सुस्पष्ट

1 थप परिचर्चाको लागि द्रष्टव्य :– अधिकारी (वि.सं. २०७२), जयमन्त मिश्र (सन् १९९९), तीर्थ (सन् १९९९), प्रपन्नाचार्य (वि.सं. २०६०), माधवाचार्य शास्त्री (सन् १९९९), युगलकिशोर मिश्र (सन् १९९९), रघुनन्दन शर्मा (सन् १९९०), श्रीकिशोर मिश्र (सन् १९९९) ।

2 संहिता नै वेद हुन् भन्नेबारे थप परिचर्चाका लागि द्रष्टव्य :– शर्मा (सन् १९९०, पृ. ४३६–४३९) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

कारण रहेको देखिन्छ ।[3] कुनै ग्रन्थ वा शास्त्र विशेषको नाम (शीर्षक) उल्लेख नगरी विद्या, तत्त्वज्ञान, शास्त्र आदि भनियो भने वेदलाई इंगित गरेको भन्ठान्ने प्रचलन पनि आस्तिक परम्परामा छ । ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदलाई एकमुष्ट जनाउनु पर्दा बहुवचनमा "वेदहरू" ("वेदाः") भन्ने वा एकवचनमा वेद मात्र भन्ने पनि प्रचलन छ ।

CC-0.In Public Domain. Digitization by eGangotri

3 अधिकारी, निर्मलमणि । वि.सं. २०७२ । *वेद र वैदिक हिन्दू धारा* । झापा : गङ्गादेवी चुडाल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२

वेद शब्दको सामान्य अर्थ के हो ?

(वेद शब्दको बृहत्तर अर्थ)

बृहत्तर अर्थ लिने हो भने वेद भनेको ज्ञान हो । सबै ज्ञानको मूल वेद नै हो भनी मान्ने आस्तिक मत छ । तर संसारका सबै ज्ञानलाई वेद नामले पुकारिँदैन ।[4] अरुले वेद भनेर शब्द पारिहाले भने पनि वैदिक धर्मावलम्बीहरूले *ऋग्वेद, यजुर्वेद, सामवेद* र *अथर्ववेद*लाई मात्र वेद भनेर मान्छन् ।

निरुक्त अनुसार, "विदन्ति जानन्ति विद्यन्ते भवन्ति." अर्थात् जसको कृपाले अधिकारी मनुष्यहरूले सद्विद्या प्राप्त गर्छन्, जसबाट उनीहरू विद्वान् हुन सक्छन्, जसका कारण उनीहरू सद्विद्याको विषयमा विचार गर्नका लागि समर्थ हुन्छन्, त्यसलाई वेद भनिन्छ ।[5] यहाँ विद्या (ज्ञान एवं विज्ञान) को द्योतकका रूपमा वेदलाई लिँदै त्यसको परिशीलनबाट प्राप्त हुने पात्रताको दृष्टिकोणबाट वेदको विशेषतालाई उजागर गरिएको छ ।

पाणिनीय व्याकरणानुसार 'वेद' शब्द 'विद् सत्तायाम्', 'विद् ज्ञाने', 'विद् विचारणे' र 'विद्लृ लाभे' – यी चार धातुहरूबाट निष्पन्न हुने बताइन्छ ।[6] 'विद् ज्ञाने' भनेर वेद सम्पूर्ण ज्ञानको स्रोत हो भनिएको छ । 'विद् विचारणे' भनेर वेदलाई विचार (चिन्तन) को प्रतिमानका रूपमा बताइएको छ, जसको दायरामा

---

4 *वेदमा के छ ?* (स्वामी प्रपन्नाचार्य) पुंस्तकको पहिलो प्रकरणमा पनि वेद शब्दको अर्थबारे परिचर्चा गरिएको छ ।

5 थप परिचर्चाको लागि द्रष्टव्य :– तीर्थ (सन् १९९९, पृ. १४६), प्रपन्नाचार्य (वि.सं. २०६०, पृ. २) ।

6 थप परिचर्चाको लागि द्रष्टव्य :– अधिकारी (वि.सं. २०७२), जयमन्त मिश्र (सन् १९९९), माधवाचार्य शास्त्री (सन् १९९९) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

आधिभौतिक, आधिदैविक (मानसिक) र आध्यात्मिक चिन्तन पनि छ। 'विद्लृ लाभे' भनेर लाभप्रद (सुखको मार्गनिर्देशक) भनिएको छ, जसको दायरामा धर्म, अर्थ, काम र मोक्ष पनि पर्छ। यसर्थ जसको सदैव सत्ता छ, जो अपूर्व ज्ञानप्रद छ, जो ऐहिक-आमुष्मिक दुवै विचारहरूको कोश छ र जो लौकिक र लोकोत्तर लाभप्रद छ, यस्तो ग्रन्थलाई वेद भनिने देखिन्छ। 'विद् सत्तायाम्' भनेर वेद नित्य रहेको बताइएको छ। आस्तिक परम्परामा वेद मात्र उपर्युक्त विशेषताहरू सहितको एक मात्र ग्रन्थ-समूह/ शास्त्र-समूह / पुस्तक-समूह / वाङ्मय मानिन्छ।

CC-0.In Public Domain. Digitization by eGangotri

वेदका भाष्यकार सायणाचार्यले "इष्टप्राप्त्यनिष्टपरिहाररयोरलौकिकमुपायं यो ग्रन्थो वेदयति स वेदः" अर्थात् इष्ट फलको प्राप्ति र अनिष्टको परिहारका लागि अलौकिक उपाय जुन ग्रन्थले सिकाउँछ ("वेदयति") त्यसैलाई वेद अर्थ लगाएका छन्।[7] यो भनाइले वेदको प्रयोग वा उपयोगीताको दृष्टिकोणबाट विशेषता उजागर गर्न खोजेको देखिन्छ। वेदले इष्ट फलको प्राप्ति र अनिष्टको परिहारका लागि अलौकिक उपायको ज्ञान दिन्छ भनेर जीवनमा आवश्यक विधि र निषेध सिकाउने मार्गनिर्देशक ग्रन्थका रूपमा सायणाचार्यले वेदलाई उल्लेख गरेको देखिन्छ। उनले "अलौकिक" भनेर वेदको अपौरुषेयतालाई इङ्गित गरेका हुन् भन्ने एउटा मत छ भने अर्को मतानुसार यज्ञका कारणले प्राप्त हुने अदृष्ट/अपूर्व फलसँग अलौकिकतालाई जोडिन्छ।

वेदको विशेषता बताउने एक संस्कृत श्लोकमा भनिएको छ :–

"विद्यन्ते ज्ञायन्ते लभ्यन्ते वा एभिर्धर्मादिपुरुषार्था"

अर्थात् धर्मादिपुरुषार्थ जसमा छन्, जसबाट ज्ञात हुन्छन् तथा जसबाट प्राप्त हुन्छन्, तिनै वेद हुन्।[8] धर्म, अर्थ, काम र मोक्षको स्रोत / आधार (अधिष्ठान), मार्गनिर्देशक र साधन पनि वेद नै हुन् भन्ने तात्पर्य यो श्लोकको हो। "सृष्टिका आदिमा मानवमात्रका लागि मोक्ष प्राप्तिका साधनभूत जुन ज्ञान, कर्म, उपासना र विज्ञानरूप चार विषयको आवश्यकता थियो, त्यसका प्रतिपादक नै यी चार वेद हुन्"[9] भनिएको छ। मानव जीवनका स्थूल, सूक्ष्म र कारण, यी सबै पक्ष वेदका विषयवस्तु हुन् भन्नु समीचीन हुन्छ।

---

7 तीर्थ (सन् १९९९, पृ. १४६) र युगलकिशोर मिश्र (सन् १९९९, पृ. १५०) मा उद्धृत।

8 शर्मा वाशिष्ठ (सन् १९९९, पृ. २३०)।

9 आत्रेय (वि.सं. २०७३, पृ. २७९)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

३

प्रणव (ॐ), गायत्री र वेदको सम्बन्ध के हो ?

परमात्माको नाम (संज्ञा) हो प्रणव (ॐ)।

प्रणव (ॐ) को ज्ञान, उपासना एवं साक्षात्कारको लागि विशिष्ट छन्दोबद्ध अभिव्यञ्जना हो गायत्री मन्त्र ।

प्रणव (ॐ) कै, गायत्री मन्त्रकै साधना गरी ऋषि एवं ऋषिकाहरूले साक्षात्कार गरेका मन्त्रहरूको संहिता (जनसाधारणको भाषामा पुस्तक, शास्त्र, ग्रन्थ) हो वेद ।

उपर्युक्त सत्य तथ्यलाई अर्को तरिकाबाट भन्ने हो भने वेदको सार गायत्री मन्त्र र गायत्रीको सार / सर्वस्व प्रणव (ॐ) हो भन्न सकिन्छ ।[10] प्रणव (ॐ) को साधनाबाट चारै वेदको परिशीलन हुन्छ एवं चारै पुरुषार्थ (धर्म, अर्थ, काम, मोक्ष) मिल्छ भन्ने मान्यता वैदिक परम्परागत हो । नित्य गायत्री मन्त्रको अनुष्ठानको मान्यता पनि वैदिक परम्परागत नै हो । प्रणव (ॐ), गायत्री र वेद पूर्णतः सम्बद्ध तत्त्वहरू हुन् र सबैको मूल परमात्मा नै हो ।

---

10 परमात्माको नाम (संज्ञा) को रूपमा प्रणव (ॐ) को थप परिचर्चाको लागि छान्दोग्य, माण्डूक्य, कठ आदि अनेक उपनिषद्हरू सान्दर्भिक छन् । साथै, महर्षि दयानन्द सरस्वतीकृत *सत्यार्थ प्रकाश* (प्रथम समुल्लास) पनि द्रष्टव्य छ । उपाध्याय (सन् २००६, वि.सं. २०६३, वि.सं. २०६६क, वि.सं. २०६६ख) पनि सान्दर्भिक ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

४

'वेद' पढेर के पाइन्छ ?

वेदमा मानव जीवनका लागि आवश्यक सबै ज्ञान पाइन्छ, तर सबै मन्त्रहरूको अभिधार्थमा होइन । अभिधा, व्यञ्जना, लक्षणा बुझेर, तात्पर्यार्थ बोध गर्नु पर्ने मत मीमांसा दर्शनको छ ।[11] वेदका मन्त्रहरू सूत्र, संकेत एवं प्रतीक सहित छन्, जसलाई जान्ने हो भने वेदमा निहीत ज्ञान एवं विज्ञानको बोध हुन्छ । वेदमा मन्त्रहरूको प्रयोग यज्ञ मार्फत् सिकाइएको हुनाले आधुनिक अन्वेषक/अध्येताले यज्ञीय प्रक्रिया बुझेर के अनुसन्धानक्षेत्रगत तथ्य/तथ्यांक हो र केचाहिँ सामान्यीकरणीय अवधारणा र सिद्धान्त हो भन्ने जान्नु आवश्यक हुन्छ । यज्ञ पद्धतिको मेसोभाँति नभएका व्यक्तिले वेदका मन्त्रको अभिधार्थ मात्र लिँदा त उसले केही पनि नपाउने वा गलत मतलब बुझ्ने (त्रुटी हुने) सम्भावना रहन्छ ।[12] विधिपूर्वक वेदको परिशीलनले सर्वार्थसिद्धि हुन्छ । सारमा, वेद पढेर एवं परिशीलन गरेर मानवले धर्म, अर्थ, काम, मोक्ष, सबै पाउन सकिन्छ ।[13]

---

11 अधिकारी, निर्मलमणि । वि.सं. २०६९ । *सञ्चारप्रक्रियाको भाट्ट-मीमांसा-दार्शनिक अध्ययन* (विद्यावारिधि शोधप्रबन्ध) । वसन्तपुर, काठमाडौं : नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र ।

12 यज्ञबारे थप परिचर्चाको लागि द्रष्टव्य :– अधिकारी (वि.सं. २०६२) ।

13 थप जानकारीको लागि द्रष्टव्य :– प्रपन्नाचार्य (वि.सं. २०६०), रघुनन्दन शर्मा (सन् १९९०) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

५

वेदलाई "त्रयी" किन भनिन्छ ?

वेदलाई 'त्रयी' भनिनुको अर्थ यसरी प्रष्ट्याइएको पाइन्छ :–

> विश्वमा शब्द-प्रयोगका तीनवटामात्र शैलीहरू हुन्छन्; जो पद्य (कविता), गद्य र गानरूपले जनसाधारणमा प्रसिद्ध छन् । पद्यमा अक्षर-सङ्ख्या तथा पाद एवं विरामको निश्चित नियम रहन्छ । अतः निश्चित अक्षर-सङ्ख्या तथा पाद एवं विराम भएका वेद-मन्त्रहरूको संज्ञा 'ऋक्' हो । जुन मन्त्रहरूमा छन्दको नियमानुसार अक्षर-सङ्ख्या तथा पाद एवं विराम ऋषिदृष्ट छैनन्, ती गद्यात्मक मन्त्र 'यजुः' कहलाउँछन् र जति मन्त्र गानात्मक छन्, ती मन्त्र 'साम' कहलाउँछन्। यिनै तीन प्रकारका शब्द-प्रकाशन-शैलीहरूको आधारमा नै शास्त्र एवं लोकहरूमा वेदका लागि 'त्रयी' शब्दको पनि व्यवहार गरिन्छ ।[14]

साथै, वेदमा तीन किसिमका काण्ड (कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्ड) भएका कारणले वेदलाई 'वेदत्रयी' वा 'त्रयीविद्या' नामले पनि अभिहित गरिन्छ ।[15] वेदको 'त्रयी' संज्ञाले उक्त ग्रन्थसमूहको पाठगत त्रैविध्यलाई जनाउँछ, तर वेदको संख्यालाई जनाउँदैन । 'वेदत्रयी' वा 'त्रयीविद्या' भन्नाले चारैवटा वेदलाई लिनु पर्छ ।

14 श्रीकिशोर मिश्र (सन् १९९९, पृ. १५७) ।

15 सरस्वती (सन् १९९९, पृ. २२०) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

६

वेदलाई "श्रुति" किन भनिन्छ ?

वेदलाई 'श्रुति' पनि भनिन्छ । *मनुस्मृति*–२।१० मा "श्रुतिस्तु वेद विज्ञेयो" भनिएकै छ । वेदलाई 'श्रुति' किन भनियो त ?

> वेद प्राचीनकालमा ज्ञानको एक पवित्र पुस्तकको रूपमा आदृत थियो, यो अंतःस्फुरित कविताको एक विशाल संग्रह मानिन्थ्यो, ती 'ऋषिहरू'को – द्रष्टाहरूको, सन्तहरूको – कृति मानिन्थ्यो जसले आफ्नो मनद्वारा केही रचेर बनाएका नभई एक महान्, व्यापक, शाश्वत तथा अपौरुषेय सत्यलाई आफ्नो आलोकित मनभित्र ग्रहण गरे र त्यसलाई 'मन्त्र'मा मूर्त्त गरे, जसले यस्तो शक्तियुक्त मन्त्रहरूलाई प्रकट गरे जो कुनै साधारण होइन किन्तु दिव्य स्फुरण तथा दिव्य स्रोतबाट आएका थिए । यी ऋषिहरूलाई जुन नाम दिइएको थियो त्यो थियो 'कवि', जसको अर्थ यद्यपि पछि गएर कोही पनि कविता गर्नेवाला हुन गयो, तर उतिबेला यसको अर्थ थियो 'सत्यको द्रष्टा' । स्वयं वेद उनीहरूलाई भन्छ 'कवयः सत्यश्रुतः' अर्थात् 'ती द्रष्टा जो दिव्य सत्यलाई श्रवण गर्नेवाला थिए' र स्वयं वेदलाई नै 'श्रुति' नामले पुकारिएको थियो जसको अर्थ 'साक्षात्कृत (अन्तःश्रुत) धर्म-पुस्तक' भयो ।[16]

अग्नि, वायु, आदित्य र अंगिराबाट श्रुतिपरम्परया लोकमा प्राप्त भएको हुनाले वेदलाई श्रुति भनिएको हो भन्ने मत पनि यहाँ उल्लेख्य छ । वेदको पठन-

16 अरविन्द (सन् २००९, पृ. १) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

पाठनको क्रममा गुरुमुखबाट श्रवण गरिने परम्परा भएकाले नै यसलाई 'श्रुति' भनिएको पनि बताइन्छ ।[17]

CC-0. In Public Domain. Digitization by eGangotri

वेदमा वाक् (शब्द) को चार रूप वा तहबारे उल्लेख छ । परा, पश्यन्ती, मध्यमा र वैखरी स्वरूपमध्ये कान (श्रोत्रेन्द्रिय) ले सुन्ने (श्रवण गर्ने) चाहिँ वैखरी हो । मन्त्रद्रष्टा ऋषि वा ऋषिकाले साक्षात्कार गरेका परा तहमा हो, तर सर्वसाधारणका लागि त्यो मन्त्र वैखरी तहमै प्राप्त भयो । यसरी मन्त्रद्रष्टाहरूबाट लोकमा आउँदा श्रुति माध्यमबाट आएको हुनाले पनि वेदलाई श्रुति भनिएको हो भन्ने मान्यता पनि छ ।[18]

---

17 सरस्वती (सन् १९९९, पृ. २२०) ।

18 परा, पश्यन्ती, मध्यमा र वैखरी वाक् तथा सञ्चार सिद्धान्तबारे थप परिचर्चाका लागि द्रष्टव्य : अधिकारी (सन् २०१०, सन् २०१२, सन् २०१४, सन् २०१६) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

७

वेदलाई "आम्नाय" किन भनिन्छ ?

वेदलाई 'आम्नाय' संज्ञा पनि दिइन्छ । 'आम्नाय' को अर्थ हुन्छ - पद्धति, प्रणाली, परम्परा, प्रथा, अनुशासन, रीति, अभ्यास, विधान, व्यवस्था, उपदेश आदि । वेदाध्यायन, वेदाभ्यास एवं वेदपाठ विशेष पद्धतिपूर्वक गर्नु पर्ने भएकाले वेदलाई आम्नाय भनिएको हो । आम्नाय भनेको धर्मको बारेमा जान्ने विधि हो भनिएको पनि पाइन्छ । आस्तिक परम्परामा धर्म, अर्थ, काम र मोक्षको अनुशीलनको लागि एक मात्र मार्गनिर्देशक भएको हुनाले वेदलाई नै आम्नाय भनिएको देखिन्छ । वेद परिश्रमपूर्वक अभ्यासद्वारा संरक्षणीय भएकाले यस्तो नाम दिइएको हो पनि भनिएको छ ।[19] वेदका मन्त्र, पद (शब्द) र अक्षर समेत गणना गरी एउटा अक्षर पनि परिवर्तन नहुने, उच्चारण (सार स्वर) मा पनि सदैव एकरूपता हुने, वेद संहिता नित्य रहने पद्धति (आम्नाय) रहेको हुनाले वेदको आम्नाय नाम सार्थक देखिन्छ ।

---

19 श्रीकिशोर मिश्र, सन् १९९९, पृ. १५७ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

८

वेदका रचनाकार वा लेखक को हुन् ?

वेदलाई अपौरुषेय मानिने भएकोले वेदका लेखक भनेर कोही पनि व्यक्तिको नाम उल्लेख गरिँदैन ।[20] वेदको प्रत्येक मन्त्रको द्रष्टा ऋषि वा ऋषिकाको नामोल्लेख पाइन्छ। मन्त्रका ऋषि वा ऋषिका लाई सत्यका श्रोता एवं मन्त्रका द्रष्टा भनिएको छ, उहाँहरूलाई लेखक/रचनाकार/सर्जक भनिएको छैन । *ऋग्वेद* (१०.९०.७), *यजुर्वेद* (३१.७) एवं *अथर्ववेद* (१०.७.२०) को साक्ष्य अनुसार वेद ईश्वरबाट उत्पन्न मान्नु पर्ने हुन्छ ।

पौराणिक मतानुसार, सृष्टिको आदिमा ब्रह्माजीले आफ्ना हृदयभित्र परमेश्वरको निःश्वासले वेद मन्त्रहरू सुन्नु भयो एवं ब्रह्माजीबाट प्रजापतिहरूले र प्रजापतिहरूबाट ऋषिहरूले सुन्नु भयो र यस क्रमले श्रवण परम्पराबाट यो ज्ञान चल्दै आयो भन्ने पनि गरिन्छ ।[21] यो पनि भनिएको छकि सृष्टिको प्रारम्भमा "ऋषिचतुष्टय – अग्निऋषि, वायुऋषि, आदित्यऋषि र अंगिराऋषि समाधिमा बसेका थिए, तिनीहरूको निर्मल हृदयाकाशमा ब्रह्मवाणी वेद प्रकट भए, फुरे, कालान्तरमा शब्दका रूपमा अगाडि आए । निरुक्तकार महर्षि यास्काचार्य भन्नुहुन्छ – तद्यदेनान् तपस्यमानान् ब्रह्मस्वयमभ्यानर्षत्, तदृषीणामृषित्वमिति विज्ञायते – ऋषिहरू जब तपस्यालीन थिए, त्यतिखेर स्वयंभू ब्रह्म उनीहरूका हृदयमा प्रकट भए, फुरे, यही

---

20 जस्तै :– प्रसिद्ध मीमांसक लौगाक्षि भास्करले *अर्थसङ्ग्रहमा* "अपौरुषेयं वाक्यं वेदः" अर्थात् अपौरुषेय वाक्य भएकाले वेद भनिएको बताएका छन् । *अर्थसङ्ग्रह*को थप अध्ययनका लागि द्रष्टव्य :– शास्त्री, दयाशङ्कर (सन् २००८) । श्रुतिबारे थप परिचर्चाको लागि द्रष्टव्य :– अधिकारी (वि.सं. २०२९) ।

21 थप परिचर्चाको लागि द्रष्टव्य :– अधिकारी (वि.सं. २०१८, वि.सं. २०२९) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त ऋषिहरूको ऋषित्व हो ।"[22] त्यसपछि "उपर्युक्त चारजना साक्षात्कृत धर्मा ऋषिहरूबाट सर्वप्रथम ब्रह्मा नाम गरेका आदि ऋषिले क्रमशः चारै वेद सुनेर ज्ञान प्राप्त गरे । चारैवेद श्रवणेन्द्रीयद्वारा श्रवण गरी, हृदयंगम गरेर वेदाध्ययनको क्रम अगाडि बढाए । यसै कारण यिनलाई चतुर्मुखी ब्रह्मा भनियो ।"[23]

प्रत्येक सृष्टिको प्रारम्भमा वेद स्वतः आविर्भूत हुने हुन् भन्ने मान्यता अनुसार भन्ने हो भने वेद अपौरुषेय हुन् । अर्को मान्यता वेदलाई परमात्माकृत / इश्वरीय सिर्जना भन्ने पनि छ । वेद स्वतः आविर्भूत भने पनि, परमात्माकृत / इश्वरीय सिर्जना भने पनि समान कुरा यो होकि कोही मानव व्यक्ति वेदको लेखक होइन ।

वेदव्यासले वेदको "विव्यास" (सङ्कलन/सम्पादन, अनुशीलन) गरेको मानिन्छ । महाभारत आदिपर्वबाट थाहा हुन्छकि सोही कारणले नै कृष्णद्वैपायनलाई वेदव्यास भनिएको हो ।[24] वेदव्यासका शिष्यहरूमध्ये पैलले ऋग्वेद, वैशम्पायनले यजुर्वेद, जैमिनिले सामवेद र सुमन्तुले अथर्ववेद आफ्ना गुरुसँग पढेको बताइन्छ । सम्भवतः अति प्राचीन कालको "गुरुशिष्य श्रुति परम्परा" को कृष्णद्वैपायन (वेदव्यास) द्वारा पुनर्जागरण भएको थियो ।[25]

---

22 आत्रेय, वि.सं. २०७३, पृ. २७९ ।

23 आत्रेय (वि.सं. २०७३, पृ. २८१) ।

24 वेदान् विव्यास यस्मात्स वेदव्यास इति स्मृत ।

25 थप परिचर्चाको लागि द्रष्टव्य :– *कल्याण वेद कथाङ्क* ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

९

वेद कति पुरानो हो ?

आस्तिक मान्यता अनुसार, वेद अनादि एवं अनन्त भएकाले यो ग्रन्थलाई नित्य भनिएको छ । तसर्थ, आस्तिकहरूका दृष्टिकोणबाट हेर्दा त वेदको रचना समय सोध्ने, यो कति पुरानो हो भन्ने प्रश्न नै अवाञ्छित मानिन्छ । प्रत्येक सृष्टिको प्रारम्भमा परमात्माद्वारा वेद संहिता (मन्त्र समूह) को प्रकटीकरण मन्त्रद्रष्टा ऋषि एवं ऋषिका मार्फत् हुन्छ भन्ने परम्परागत मान्यता यहाँ उल्लेख्य छ । वैदिक हिन्दू पद्धतिको पात्रोमा सृष्टिर्गताब्दा अथवा सृष्टि संवत् भनेर जति अङ्क लेखिएको हुन्छ, यो पटकको सृष्टिका लागि वेद त्यति नै वर्ष पुरानो भन्नु पर्ने हुन्छ ।[26]

---

26 थप परिचर्चाको लागि द्रष्टव्य :– *कल्याण वेद कथाङ्क*। वेद कहिले लेखियो भनेर खोजबिन गर्नु अनावश्यक र असम्मेय कार्य हो भनिन्छ । वेदलाई नमान्ने र वेदको अपव्याख्या गर्न चाहने व्यक्तिहरूको वेद-विषयक लेखन तथा भाषण अवाञ्छित, अविश्वास्य र त्याज्य हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

१०

ऋषि एवं ऋषिकाहरूले वेदका मन्त्रहरू कहाँ देखेका / सुनेका थिए ?

आस्तिक मान्यता अनुसार, सृष्टि भएको मानसखण्डमा हो । मानसखण्ड वर्तमान युगमा नेपाल र भारतमा पर्छ । तसर्थ, आधुनिक युगको मापदण्ड अनुसार भन्ने हो भने ऋषि एवं ऋषिकाहरूले नेपाल र भारतमा पर्ने मानसखण्ड / हिमवत्खण्डमा वेदका मन्त्रहरू देखेका / सुनेका भन्नु पर्ने हुन्छ ।[27]

वेदको सम्पादन गर्ने वेद व्यास कृष्णद्वैपायनको जन्म एवं कर्म स्थल वर्तमान नेपालको व्यासनगर (दमौली, तनहुँ) हो । जुनसुकै स्थानमा वेदको आविर्भाव एवं प्रथम परिशीलन भएको भएतापनि वेद सारा संसारकै ज्ञान सम्पदा हो भन्ने सत्य तथ्य सदैव स्मरणीय छ ।

---

27 थप परिचर्चाको लागि द्रष्टव्य :– सिंह (सन् १९६८) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

११

वेद किन चारवटा भएका हुन् ?

वेद चारवटा मानिन्छन् :– *ऋग्वेद, यजुर्वेद, सामवेद* र *अथर्ववेद* । वेद चारवटा नै किन भए त भन्ने सवाललाई याज्ञिक दृष्टिकोणबाट सम्बोधन गरिएको देखिन्छ, जसअनुसार श्रौतयज्ञमा 'ऋत्विक्'हरूका चार गण हुन्छन् :– होतृगण, अध्वर्युगण, उद्गातृगण र ब्रह्मगण; उपर्युक्त चार गण वा वर्गका लागि उपयोगी मन्त्रहरूको संग्रहानुसार वेद चारवटा भएका हुन् र उनीहरूका लागि क्रमशः *ऋग्वेद, यजुर्वेद, सामवेद* र *अथर्ववेद* विभाजन गरिएका छन् ।[28]

पहिले वेद एक नै थियो भन्ने पनि उल्लेख गरिएको पाइन्छ ।[29] वेद अनन्त छन् भन्ने उल्लेख पनि नपाइने होइन ।[30] कतिपय ग्रन्थहरूले आफ्नो नाममा परसर्गका रूपमा '-वेद' जोड्ने गरेको पनि पाइन्छ (जस्तै : आयुर्वेद, गान्धर्ववेद, धनुर्वेद, स्थापत्यवेद, नाट्यवेद, सर्पवेद आदि), जसका कारण नामकरणका हिसाबले वेद-सदृश ग्रन्थहरू धेरै देखा पर्छन् । वेदको सङ्ख्याबारे भएका मतवैभिन्न्यको पृष्ठभूमिलाई यसरी पर्यवेक्षण गरेको पाइन्छ :–

> प्राचीनकालमा वेद शब्द बडो महत्त्वको मानिन्थ्यो । जसरी शास्त्र शब्द कुनै समय अनेक विषयहरूका लागि प्रयुक्त हुन लागेको

---

28 श्रीकिशोर मिश्र (सन् १९९०, पृ. १५८) ।

29 खेमका (सन् १९९९, पृ. १६), मिश्र (सन् २००३, पृ. २९–३२), युगलकिशोर मिश्र (सन् १९९९, पृ. १५५–१५६), वेदप्रकाश शास्त्री (सन् १९९९, पृ. २७), शर्मा (वि.सं. २०५६, पृ. ७), शर्मा वाशिष्ठ (सन् १९९०, पृ. २३१), सक्सेना (सन् २००१, पृ. १५), सरस्वती (सन् १९९९, पृ. २२०) ।

30 तैत्तिरियब्राह्मण–३।१०।११।४; तीर्थ (सन् १९९९, पृ. १४५), त्रिपाठी (सन् १९९९, पृ. २६३–२६५), लालविहारी मिश्र (सन् १९९९, पृ. १४५), सरस्वती (सन् १९९९, पृ. २२०) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain, Digitization by eGangotri

> थियो र धर्मशास्त्र, ज्योतिषशास्त्र आदि नामले अनेकौं विद्याहरू कहिन्थे; जसरी कुनै जमानामा सूत्रको महत्त्व बढ्यो र धर्मग्रन्थ, क्रियाग्रन्थ, व्याकरण र दर्शन आदि समस्त ग्रन्थ सूत्रमै लेखिन, पढिन थाले; जसरी स्मृतिकालमा अनेकौं ग्रन्थ स्मृति नामले, ब्राह्मणकालमा अनेकौं ग्रन्थ ब्राह्मण नामले, पुराणकालमा पुराण शब्दको महत्त्व हुनाले अनेकौं ग्रन्थ पुराण शब्दले लेखिन, पढिन थाले; ठीक त्यसरी नै वैदिककालमा पनि वेद शब्दको महत्ताको कारणले अनेकौं विद्याहरू, अनेकौं पुस्तकहरू वेद नामले नै नामले कहिन्थे ।[31]

उक्त प्रवृत्तिले निकै पछिसम्म पनि निरन्तरता पाएको अनुमान सहजै गर्न नसकिने होइन । त्यसैको फलस्वरूप अनेकौं ग्रन्थको शीर्षकमा वेद संज्ञालाई समाविष्ट गरिएको देखिन्छ । तथापि, वस्तुतः वेदको सङ्ख्या चार नै हो भन्ने साक्ष्य बलियो देखिन्छ ।

कतिपय लेखकहरूले वेद मूलतः तीनवटा मात्र रहेको र वेद भनिने ग्रन्थ-समूहमा 'अथर्व'लाई पछिमात्र सामेल गरिएको अर्थ लगाएका छन् ।[32] 'वेदास्त्रयस्त्रयी' तथा 'चत्वारो वेदाः' दुवै मान्यताहरू प्रचलित रहेका र कसैले तीन त कसैले चारवटा वेद छन् भनी मान्ने उल्लेख गरिएको पाइन्छ ।[33] "यजुर्वेदमा चारै वेद भएको उल्लेख पाइन्छ भने अथर्ववेदमा पनि चारै वेद भएको वर्णन गरिएको छ । ... विष्णु पुराणका अनुसार आरम्भदेखि नै वेद चतुष्पाद थिए । मत्स्य पुराणले पनि यही कुरा स्वीकार गरेको छ । ... वेद चारै भएको प्रमाण अधिक मात्रामा पाइन्छ ।"[34]

यस सन्दर्भमा निम्नानुसारको समीक्षण सान्दर्भिक देखिन्छ :–

> कतिपय अर्वाचीन वेदार्थ-विचारक 'सैषा त्रय्येव विद्या तपति' (श. ब्रा. १०।३।६।२), 'त्रयी वै विद्या' (श. ब्रा. ४।६।७।१), 'इति वेदास्त्रयस्त्रयी' इत्यादि वचनहरूद्वारा वेद वस्तुतः तीन छन् तथा कालान्तरमा अथर्ववेदलाई चौथो वेदका रूपमा मान्यता दिइयो – यस्तो कल्पना गर्छन्, तर यो कल्पना भारतवर्षीय परम्पराबाट सर्वथा विपरीत छ । भारतवर्षीय आचार्यहरूले रचनाभेदको दृष्टिले वेदचतुष्टयीलाई त्रित्वमा अन्तर्भाव गरी त्यसलाई लक्षित गरेका

---

31 शर्मा, सन् १९९०, पृ. ४३६ ।

32 जाएनर (सन् १९९२, पृ. १०), त्रिपाठी (सन् २००२), राधाकृष्णन् (सन् १९९८, पृ. ५१; पृ. २५); सिन्हा (सन् १९८७, पृ. १) ।

33 शर्मा वाशिष्ठ, सन् १९९०, पृ. २३१ ।

34 शर्मा, वि.सं. २०५६, पृ. ८ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

छन् । रचना-शैली तीन प्रकारका मात्रै हुन्छन् – गद्य, पद्य र गान ।
CC-0.In Public Domain. Digitization by eGangotri
यस दृष्टिले – छन्दमा आबद्ध, पादव्यवस्थाले युक्त मन्त्र 'ऋक्' कहलाउँछन्; तिनीहरू नै गीति-रूप भएर 'साम' कहलाउँछन् तथा वृत्त एवं गीतिबाट रहित प्रश्लिष्ठपठित (-गद्यात्मक) मन्त्र 'यजुष्' कहलाउँछन् । यहाँ यो ध्यातव्य छ कि छन्दोबद्ध ऋग्विशेष मन्त्र नै अथर्वाङ्गिरस हुन्, अतः तिनको ऋग्रूपा (पद्यात्मिका) रचना-शैलीमा नै अन्तर्भाव हुन जान्छ र यसरी वेदत्रयीको अन्वर्थता हुन्छ ।[35]

'त्रयी' संज्ञाको व्यवहार शब्द-प्रयोगको शैलीको आधारमा भएको बताइन्छ ।[36] त्रयीविद्याको अभिप्राय ज्ञान, कर्म र उपासना भएको र ज्ञान, कर्म, उपासनाको वर्णन चारै वेदमा आउने हुनाले चारै वेद त्रयीविद्या कहलाउँछन्, तीनमात्र होइन ।[37] यसलाई पुष्टि गर्न *महाभारत*, शान्तिपर्वको एक श्लोकको साक्ष्य पनि प्रस्तुत गरिएको छ (त्रयीविद्यामवेक्षेत वेदे सूक्तमथाङ्गतः । ऋक्सामवर्णाक्षरता यजुषोऽथर्वणस्तथा ॥) । उक्त श्लोकमा दुइटै कुरा छ :– त्रयीविद्या पनि भनिएको छ र चारै वेदको नाम पनि उल्लेख छ । तसर्थ, त्रयी शब्दले वेदको संख्यालाई जनाइरहेको छैन भन्ने स्पष्ट देखिन्छ ।

यसरी, एकै वेदमा प्रयोगको दृष्टिले तीन कुराहरू (ज्ञान, उपासना र कर्म) भएकाले वेदलाई 'त्रयी' भनिएको हो भन्नेमा निष्कर्षमा पुगिन्छ । वास्तवमा वेदको सङ्ख्या चारवटा मान्नु नै वैदिक मत हो । कतिपय ग्रन्थहरूले आफ्नो नाममा परसर्गका रूपमा '-वेद' जोड्ने गरेका (जस्तै : आयुर्वेद, गान्धर्ववेद, धनुर्वेद, स्थापत्यवेद, नाट्यवेद, सर्पवेद, इतिहासवेद आदि) भए तापनि तिनलाई विशेष-अर्थमा वेद मानिँदैन । वस्तुतः *ऋग्वेद, यजुर्वेद, सामवेद* र *अथर्ववेद* यी चारवटा ग्रन्थको समूहलाई मात्र 'वेद'का रूपमा मानिन्छ ।

---

35 युगलकिशोर मिश्र (सन् १९९९, पृ. १५६) ।

36 श्रीकिशोर मिश्र (सन् १९९०, पृ. १५७) ।

37 शर्मा (सन्, १९९०, पृ. ४३९) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

१२

संहिता, ब्राह्मण, आरण्यक र उपनिषद् के हुन् ? के ती सबैलाई वेद मानिन्छ ? वेदका शाखा कति छन् र शाखा भनेको के हो ?

ऋग्वेद, यजुर्वेद, सामवेद र *अथर्ववेद* समाविष्ट ग्रन्थको समूहलाई 'वेद' भन्नेमा मतैक्य भए पनि ती संज्ञान्तर्गत कुन-कुन वाङ्मयहरूलाई समेट्ने भन्नेमाचाहिँ मतैक्य छैन । कसैले 'मन्त्र' वा 'संहिता'लाई मात्र, कसैले 'संहिता' र 'ब्राह्मण'लाई, कसैले 'संहिता', 'ब्राह्मण' र 'उपनिषद्'लाई र कसैले 'संहिता', 'ब्राह्मण', 'आरण्यक' र 'उपनिषद्' सबैलाई वेद मानेको देखिन्छ । अर्थात्, 'संहिता' भागलाई वेद मान्नेमा कुनै विवाद नभए तापनि 'ब्राह्मण', 'आरण्यक' र 'उपनिषद्' नामकरण गरिएका वाङ्मयहरूलाई स्वयं वेदकै अंश मान्ने कि तिनलाई वैदिक परम्पराका, तर वेदेतर मान्ने – यी सवालमा विभिन्न दृष्टिकोणहरू रहिआएका छन् ।

वेद-निरूपणसम्बन्धी विभिन्न मतहरूबारे चर्चा गर्नु अगाडि 'संहिता', 'ब्राह्मण', 'आरण्यक' र 'उपनिषद्' को सामान्य अर्थबारे उल्लेख गर्नु सान्दर्भिक हुनेछ । वैदिक मन्त्रहरूको सङ्कलनलाई 'संहिता' भनिन्छ । मन्त्रातिरिक्त वेद-भाग 'ब्राह्मण' संज्ञाले अभिहित गरिन्छ, जसमा यज्ञानुष्ठानको पद्धति एवं फलप्राप्ति, विधि आदिको निरूपण गरिएको हुन्छ ।[38] यज्ञानुष्ठान-पद्धति, याज्ञिक मन्त्र, पदार्थ एवं फल आदिमा आध्यात्मिकताको सङ्केत दिइएको वेद-भागलाई 'आरण्यक' भनिन्छ र यो वानप्रस्थाश्रमका लागि जंगलमा विशेष अध्ययन तथा स्वाध्याय गरिने भाग हो । ब्रह्म तथा आत्मतत्त्वको प्रतिपादन गरिएको आध्यात्मिक चिन्तनपरक भागलाई 'उपनिषद्' भनिन्छ ।

38 *मीमांसासूत्र*–२।१।३३ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

'मन्त्र' वा 'संहिता'लाई मात्र वेद मान्नेहरूले यस दृष्टिकोणको पक्षमा प्रबल युक्तिहरू पेस गरेका छन् ।[39] उक्त मतानुसार 'ब्राह्मण'लाई वेदका व्याख्याग्रन्थ मात्र एवं वेदबाट पृथक् मानिन्छ । जैमिनिकृत मीमांसासूत्रको साक्ष्यबाट विश्लेषण गर्दै मन्त्रात्मक भाग मात्र मूल-वेद भएको तर्क गरिएको छ भने वेदका भाष्यकार सायणाचार्यलाई पनि उद्धृत गरिएको छ :– "यद्यपिमन्त्रब्राह्मणात्मको वेदः तथापि ब्राह्मणस्य मन्त्रव्याख्यानरूपत्वात् मंत्रा एवादौ समाम्नाताः" अर्थात् यद्यपि मन्त्र र ब्राह्मण दुवै वेद कहलाउँछन्, तथापि ब्राह्मणग्रन्थ मन्त्रका व्याख्यान मात्र हुन्, अतः मन्त्र नै आदिमा प्रादुर्भूत भए ।[40] ऋग्वेद-संहिता, यजुर्वेद-संहिता, सामवेद-संहिता र अथर्ववेद-संहिता नै अपौरुषेय एवं नित्य भन्ने विशेषणयुक्त मूल-वेद हुन्; ब्राह्मणग्रन्थ भने मनुष्यकृत हुन् र ऋषिहरूले वेदको व्याख्यानका क्रममा बनाएका हुन् भन्ने उक्त युक्तिको तात्पर्य देखिन्छ ।

तर प्राचीनकालदेखि नै वैदिक परम्पराका आचार्यहरूले वेद-वाङ्मयका दुई भाग (संहिता र ब्राह्मण) मान्ने गरेको[41] तथ्य भुल्न मिल्दैन । आपस्तम्बसूत्रमा मन्त्र र ब्राह्मण दुवै नै वेद भनिइने ('मन्त्रब्राह्मणयोर्वेदनामधेयम्') बताइएको छ ।[42] साथै, "वेदो हि मन्त्रब्राह्मणभेदेन द्विविधः" को साक्ष्य पनि पाइन्छ ।[43] वैदिककालमा वेद शब्दको महत्ताको कारणले अनेकौं विद्याहरू, अनेकौं पुस्तकहरू वेद नामले नै नामले कहिएका र यस्तै प्रवृत्तिवश नै 'मन्त्रब्राह्मणयोर्वेदनामधेयम्' अर्थात् मन्त्र र ब्राह्मण दुवैको नाम वेद भनिन थालेको तर्क पनि पाइन्छ ।[44]

सामान्य प्रचलनमा के देखिन्छ भने, वेद शब्द केवल मन्त्रभाग, केवल ब्राह्मणभाग अथवा दुवै भागका लागि प्रसङ्गानुसार प्रयुक्त हुन्छन् ।[45] वेदका विषय-सम्बन्धी तीन भेद परम्परा चल्दै आइरहेको र यिनमा कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्डका प्रतिपादक भागहरूका नाम क्रमशः 'ब्राह्मण', 'आरण्यक' र 'उपनिषद्' भएको उल्लेख्य छ ।[46] साथै, वैदिक शब्दराशि संहिता, ब्राह्मण, आरण्यक र उपनिषद् – चार भागहरूमा प्राप्त हुन्छन् भनिएको छ ।[४७]

---

39 सरस्वती (वि.सं. २०१६), शर्मा (सन् १९९०) ।
40 शर्मा (सन् १९९०, पृ. ४३७–४३८) ।
41 युगलकिशोर मिश्र (सन् १९९९, पृ. १५०); सरस्वती (सन् १९९९, पृ. २२१) ।
42 शर्मा वाशिष्ठ (सन् १९९९, पृ. २३१) ।
43 तीर्थ (सन् १९९९, पृ. १४६) ।
44 शर्मा (सन् १९९०, पृ. ४३६) ।
45 युगलकिशोर मिश्र (सन् १९९९, पृ. १५४–१५५) ।
46 युगलकिशोर मिश्र (सन् १९९९, पृ. १५४–१५५) ।
47 खेमका (सन् १९९९, पृ. १६) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

चार वेदका शब्द-राशिको विन्यासमा तीन आधुनिक दृष्टिकोणहरू पाइन्छन् :– याज्ञिक, प्रायोगिक र साहित्यिक ।[48] याज्ञिक दृष्टिअनुसार वेदोक्त यज्ञहरूको अनुष्ठान नै वेदका शब्दहरूको मुख्य उपयोग मानिएको छ । आरम्भदेखि नै यज्ञ गराइमा साधारणतया मन्त्रोच्चारणको शैली, मन्त्राक्षर एवं कर्म-विधिमा विविधता रहेको छ। यही विविधताको कारणले नै वेदका शाखाहरूको विस्तार भएको छ ।[49]

CC-0.In Public Domain. Digitization by eGangotri

प्रायोगिक दृष्टिअनुसार वेदलाई दुई भागमा बाँडिन्छ :– मन्त्रभाग र ब्राह्मणभाग । यज्ञमा साक्षात् रूपले प्रयोगमा आउने शब्दराशिलाई मन्त्र भनिन्छ । ब्राह्मण शब्दले ती शब्दराशिलाई जनाइन्छ जसमा विधि (आज्ञाबोधक शब्द), कथा, आख्यायिका एवं स्तुतिद्वारा यज्ञ गराउने प्रवृत्ति उत्पन्न गराउनु, यज्ञानुष्ठान गर्ने पद्धति बताउनु, त्यसको उपपत्ति र विवेचनका साथ त्यसको रहस्यको निरूपण गर्नु छ ।[50]

साहित्यिक दृष्टिअनुसार वेदलाई चार भागमा बाँडिन्छ :– संहिता, ब्राह्मण, आरण्यक र उपनिषद् । वेदको जुन भाग प्रतिदिन विशेषतः अध्ययनीय छ, त्यसलाई 'संहिता' भनिन्छ । यस शब्दराशिको उपयोग श्रौत एवं स्मार्त दुवै प्रकारका यज्ञानुष्ठानहरूमा हुन्छ । प्रत्येक वेदको एक-एक संहिता छ र वेदानुसार तिनलाई *ऋग्वेद-संहिता, यजुर्वेद-संहिता, सामवेद-संहिता* र *अथर्ववेद-संहिता* भनिन्छ । विशेषतया यज्ञानुष्ठानको पद्धतिका साथै तदुपयोगी प्रवृत्तिको उद्बोधन गराइएको तथा त्यसबाट फलप्राप्ति आदिको निरूपण विधि एवं अर्थवादद्वारा गरिएको वेद-भागलाई 'ब्राह्मण' भनिन्छ । यज्ञानुष्ठान-पद्धति, याज्ञिक मन्त्र, पदार्थ एवं फल आदिमा आध्यात्मिकताको सङ्केत दिइएको वेद-भागलाई 'आरण्यक' भनिन्छ । यस भागको विशेष अध्ययन संसार-त्यागको भावनाको कारणले वानप्रस्थाश्रमका लागि अरण्य (जंगल) मा गरिने भएकाले यसको नाम 'आरण्यक' प्रसिद्ध भएको हो । विशुद्ध रीतिले आध्यात्मिक चिन्तनलाई नै प्रधानता दिइएको र फल-सम्बन्धी फलानुबन्धी कर्महरूको दृढानुरागलाई शिथिल गराउन सुझाइएको वेद-भागलाई 'उपनिषद्' भनिन्छ ।[51]

'वेद' र 'वैदिक साहित्य' बीचको फरकलाई यसरी प्रष्ट्याएको पाइन्छ :–

> वास्तवमा वेद भनेको मूलतः मन्त्रहरूको संहिता हो र उत्तरवर्ती ब्राह्मण, आरण्यक र उपनिषद् ग्रन्थहरू वेदकै मर्मका व्याख्याता हुन् । यहाँ साधारणतः वेद भन्नाले चार मन्त्र संहिता (ऋक्, यजुः, साम र अथर्व) को बोध हुन्छ भने वैदिक साहित्य अन्तर्गत ब्राह्मण,

---

48 श्रीकिशोर मिश्र (सन् १९९९, पृ. १५८) ।

49 श्रीकिशोर मिश्र (सन् १९९९, पृ. १५९) ।

50 श्रीकिशोर मिश्र (सन् १९९९, पृ. १५९) ।

51 श्रीकिशोर मिश्र (सन् १९९९) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

आरण्यक र उपनिषद्हरू मुख्य रूपमा पर्दछन् जसको सम्बन्ध
CC-0 In Public Domain. Digitization by eGangotri
उपर्युक्त चार मन्त्रसंहितासँग प्रत्यक्ष रूपमा रहेको छ । उपनिषद् ग्रन्थभन्दा पछिका रचना मानिने षड् वेदाङ्गहरूको पनि सम्बन्धका दृष्टिले वैदिक साहित्यभित्रै रचना गरिन्छ । कतिपय विद्वान्हरू भने मन्त्र संहिता (वेद) देखि उपनिषद्सम्मका रचनालाई मात्र समष्टिमा वैदिक साहित्य भन्ने मत राख्छन् ।

.... अहिले हामी वेद भनेर मन्त्र संहितालाई लिने गर्छौं जसअन्तर्गत ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी चार वेद आउँछन् । यसै गरी वेद वा मन्त्रसंहिताको व्याख्या गर्ने ब्राह्मण, आरण्यक र उपनिषद्हरू वेद नभएर वैदिक साहित्य हुन् ।[52]

यसरी, वेदका रूपमा अभिहित गरिने विशाल शब्द-राशिमध्ये मन्त्रात्मक संहिता नै वैदिकताका मूल हुन् । मीमांसाकारले मन्त्र नै अपौरुषेय वेद हुन् भन्ने निर्णय दिएका छन्, तसर्थ संहिताको वेद स्वरूप सर्वथा प्रमाणित देखिन्छ ।[53] भारतवर्षीय समाजमा वेदलाई ज्ञानको मूलस्रोत मानिने हुनाले सबै युगमा वेदार्थ-ज्ञापनको सतत प्रयत्न हुँदै आइरहेको छ । सोही प्रयत्नको फलस्वरूप ब्राह्मण, आरण्यक, उपनिषद् आदि अस्तित्वमा आएका हुन् । वेदार्थ-बोध तथा वेदानुसारी यज्ञानुष्ठान – यी दुवै परिप्रेक्ष्यमा भएका दृष्टि-विविधता/मतानेकताका कारणले वेदका अनेक शाखा, भाग, विभाग, काण्ड, खण्ड आदि उद्भव भएका हुन् ।[54]

महर्षि पतञ्जलिको महाभाष्यमा उल्लेख गरिएको छकि ऋग्वेदका २१ शाखा, यजुर्वेदका १०१ शाखा, सामवेदका १ हजार शाखा र अथर्ववेदका ९ शाखा – यसरी कूल १ हजार १ सय ३१ शाखाहरू छन् । वेदका शाखा भनेका वेदको पठनपाठनका शैली हुन् । मूल पाठ (अन्तर्वस्तु) उही हो, प्रवचनको तरिकामा वैविध्य भएकाले अनेक शाखाहरू (शैली) बनेका थिए ।[55] ती सबै शाखाहरू अहिले पाइँदैनन्, तर त्यसको मतलब यो होइनकि वेदका कुनै शब्द वा मन्त्र हराएका छन् । वेद संहिताका सबै मन्त्र, शब्द, अक्षर यथावत् प्राप्य छन् र शाखा आदिको भेदले पठनपाठन शैलीमा वैविध्य भएतापनि मूल मन्त्र (संहिता) मा कुनै भेद वा परिवर्तन नहुनु वेदको विशेषता रहेको छ ।[56]

---

52 शर्मा (वि.सं. २०५६, पृ. ५) ।

53 रघुनन्दन शर्मा (सन् १९९०, पृ. ४३६–४३९) ।

54 थप परिचर्चाको लागि द्रष्टव्य :– *कल्याण वेद कथाङ्क* ।

55 *मीमांसासूत्र*–१.१.३० ।

56 रघुनन्दन शर्मा (सन् १९९०, पृ. ४४३–४५२) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

१३

'वेद' का संहिताका पाठ्यसामग्री (अन्तर्वस्तु) कस्ता छन् ?

वेद मूलतः मन्त्रात्मक ग्रन्थ हुन् । *ऋग्वेद*लाई ज्ञानकाण्डको, *यजुर्वेद*लाई कर्मकाण्डको, *सामवेद*लाई उपासनाकाण्डको र *अथर्ववेद*लाई विज्ञान (विशिष्टिकृत ज्ञान) काण्डको प्रतीक मान्ने प्रचलन रहेको छ ।

धर्म, संस्कार, संस्कृति, साहित्य आदिका विषयवस्तुहरू पनि वेदमा छन् र आजको युगमा दर्शन, पर्यावरण, गणित, समाज विज्ञान र प्रकृति विज्ञानका विषयवस्तु मानिने कुराहरू पनि वेदका अन्तर्वस्तुमा समावेश छन् ।[57] सामाजिक, सांस्कृतिक एवं राजनैतिक संस्थाहरूको मूल पनि वेदमा देखिन्छ ।[58] यज्ञका माध्यमबाट वेद मन्त्रहरूको प्रयोग सिकाइने गरिएको देखिन्छ ।

आकारको हिसाबले *ऋग्वेद* सबै भन्दा ठूलो छ । *ऋग्वेद* संहिताको पाठ् यसामग्री (अन्तर्वस्तु) को संरचना हेर्ने हो भने यसमा मण्डल, सूक्त र मन्त्र पद्धतिबाट प्रकाशित भएको देखिन्छ । ऋक् – १.१.१ लेखियो भने पहिलो मण्डलको, पहिलो सूक्तको पहिलो ऋचा भन्ने जान्नु पर्छ । अष्टक, अध्याय, वर्गको पद्धति र मण्डल,

57 थप परिचर्चाको लागि द्रष्टव्य :– कल्याण वेद कथाङ्क र कल्याण हिन्दू संस्कृति अङ्क । साथै, अरविन्द (सन् २००३, सन् २००९), प्रपन्नाचार्य (वि.सं. २०६०), विद्यालङ्कार (सन् २००१), शर्मा चतुर्वेदी (सन् १९७२), शर्मा (सन् १९९०), सक्सेना (सन् २००१) आदि पनि सान दर्भिक ।

58 थप परिचर्चाको लागि द्रष्टव्य :– अधिकारी, निर्मलमणि, र उपाध्याय, गोविन्दशरण । वि.सं. २०७४ । *राज्यराष्ट्र अवधारणा र सिद्धान्त* (दोस्रो संस्करण) । भक्तपुर : सहृदयता समाज नेपाल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

अनुवाक्, सूक्तको पद्धति पनि उल्लेख गरिन्छ, तर *ऋग्वेद* संहिताका प्रकाशित
CC-0 In Public Domain. Digitization by eGangotri
संस्करणहरू पढ्दा मण्डल, सूक्त, ऋचा (मन्त्र) को पद्धतिमा प्रस्तुत भएको पाइयो। *ऋग्वेद* संहितामा १० मण्डल, ८ अष्टक, ६४ अध्याय र ८५ अनुवाक् छन् भनिएको छ। *ऋग्वेद*मा १०२८ सूक्त, १०५५२ ऋचा, १५३८२६ पद (शब्द) र ४३२००० अक्षर छन्।[59] यसरी *ऋग्वेद* संहिताको प्रत्येक सूक्त, प्रत्येक मन्त्र, प्रत्येक शब्द र प्रत्येक अक्षरको पनि गणना गरी सुव्यवस्थित राखिएको छ। प्रत्येक सूक्तका ऋषि, देवता र छन्द उल्लेखित हुन्छन्। उपर्युक्त पद्धतिका कारणले *ऋग्वेद* संहिता हजारौं वर्ष पहिले जुन स्वरूपमा थियो, आज पनि त्यही स्वरूपमा छ र भविष्यमा पनि यसमा केही परिवर्तन हुनेवाला छैन।

ऋग्वेद संहिताको पहिलो मन्त्र (मण्डल १, सूक्त १, मन्त्र १) मा अग्निको स्तुति गरिएको छ (ॐ अग्निमीडे पुरोहितं यज्ञस्य देवमृत्विजम्। होतारं रत्नधातमम्॥) र अन्तिम मन्त्र (मण्डल १०, सूक्त १९१, मन्त्र ४) समान हृदय मन्त्र (समानी व आकूतिः समाना हृदयानि वः। समानमस्तु वो मनो यथा वः सुसहासति॥) हो।[60] सहृदयता दर्शनको प्रारम्भिक अवधारणा (समान हृदय) को स्रोत *ऋग्वेद* हो।[61]

ऋग्वेद संहिता जस्तै *यजुर्वेद, सामवेद* र *अथर्ववेद*का संहिताका लागि पनि सुव्यवस्थित पद्धति छन्। यो वेदको नित्यताको द्योतक मानिएको छ। यस्तै सुव्यवस्थित पद्धतिका कारणले नै वेदलाई आम्नाय भनिएको सार्थक भएको छ।

आकारको हिसाबले *यजुर्वेद* तेस्रो ठूलो देखिन्छ किनभने यसमा ऋग्वेद र *अथर्ववेद*मा भन्दा थोरै मन्त्रहरू छन् र सामवेदको आकार भन्दा यजुर्वेदको आकार ठूलो छ। *यजुर्वेद* संहिताको पाठ्यसामग्री (अन्तर्वस्तु) को संरचना हेर्ने हो भने यसमा शुक्ल र कृष्ण गरी दुई भाग छन्। नेपालमा *शुक्ल यजुर्वेद* (वाजसनेयी संहिता) का अनुयायी छन्, जसमा ४० अध्याय छन्। उक्त ४० वटा अध्यायमा २०३ अनुवाक् तथा १९७५ कण्डिका (मन्त्र), २९६२५ शब्द र ८८८७५ अक्षर रहेको बताइएको छ।[62] *कृष्णयजुर्वेद* (तैत्तिरीय संहिता) मा ७ काण्ड, ४४ प्रपाठक, ६५१ अनुवाक्,

---

59 आत्रेय (वि.सं. २०७३, पृ. २८०), सक्सेना (सन् २००१, पृ. २७)।

60 लुइटेल, तिलकप्रसाद (अनु.)। वि.सं. २०६३। *ऋग्वेद (नेपालीमा)*। काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

61 अधिकारी, निर्मलमणि। वि.सं. २०७६। *सहृदयता दर्शनको प्राक्कथन*। भक्तपुर : सहृदयता समाज नेपाल।

62 रमाकान्त शास्त्री (सन् १९९८, पृ. १९)। सक्सेना (सन् २००१, पृ. ८६) ले ४० अध्याय, ३२८ अनुवाक् र २०८६ मन्त्र उल्लेख गरेको पाइयो र आत्रेय (वि.सं. २०७३, पृ. २८०) ले यजुर्वेदमा ४० अध्याय, १९७५ मन्त्र, १२३० अनुस्वर र ९०५२५ अक्षर छन् भनी लेखेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

२१९२ कण्डिका र ११०२९६ अक्षर रहेको उल्लेख गरिएको छ ।[63] *यजुर्वेद*लाई
CC-0.In Public Domain. Digitization by eGangotri
यज्ञप्रधान वेद मानिन्छ र अध्वर्यु नामक् पुरोहितको यसमा अधिकार हुन्छ ।

नेपाली भाषामा उपलब्ध *यजुर्वेद*को वाजसनेयी संहिताको पहिलो मन्त्र (अध्याय १, मन्त्र १) मा यज्ञका साधनहरूको सन्दर्भमा प्रार्थना छ भने अन्तिम मन्त्र ॐ खं ब्रह्म (यजु. वाज., अध्याय ४०, मन्त्र १८) हो ।[64]

आकारको हिसाबले *सामवेद* सबै भन्दा सानो देखिन्छ । *सामवेद* संहिताको पाठ्यसामग्री (अन्तर्वस्तु) को संरचना हेर्ने हो भने यसमा दुई भाग (आर्चिक) छन् – पूर्वार्चिक र उत्तरार्चिक । यसमा प्रपाठक र मन्त्रको क्रममा अन्तर्वस्तु राखिएको छ । पूर्वार्चिकमा ६ प्रपाठक र उत्तरार्चिकमा ९ प्रपाठक छन् (प्रकाशित कतिपय संस्करणमा प्रपाठकलाई अध्याय लेखिएको देखिन्छ) । पूर्वार्चिकमा जम्मा ५८५ मन्त्र र उत्तरार्चिकमा जम्मा १२२५ मन्त्र रहेको बताइएको छ ।[65] सामगान गर्ने पुरोहितलाई उद्‌गाता भनिन्छ ।

*सामवेद*को पूर्वार्चिकको, पहिलो अध्यायको, पहिलो खण्डको, पहिलो मन्त्रमा अग्निको स्तुति/आह्वान छ र यसको उत्तरार्चिकको अन्तिम मन्त्र (*सामवेद*, उत्तरार्चिक, २१औं अध्याय, २७औं मन्त्र) स्वस्तिवाचनमा धेरै प्रयोगमा आइरहने प्रसिद्ध मन्त्र हो (स्वस्ति न इन्द्रो वृद्धश्रवाः स्वस्ति नः पूषा विश्ववेदाः । स्वस्ति नस्तार्क्ष्यो अरिष्टनेमिः स्वस्ति नो बृहस्पतिर्दधातु ॥) ।[66]

आकार (परिमाण) को हिसाबले *अथर्ववेद* दोस्रो ठूलो देखिन्छ । *अथर्ववेद* संहिताको पाठ्यसामग्री (अन्तर्वस्तु) को संरचना हेर्ने हो भने यसमा २० काण्ड, ३६ प्रपाठक, ११ अनुवाक्, ७३० सूक्त र ५९७७ मन्त्र छन् भनिएको छ ।[67] *अथर्ववेद*का मन्त्रहरूमध्ये १२०० वटा मन्त्र *ऋग्वेद*बाटै जस्ताको तस्तै (हुबहु) लिएको देखिन्छ ।

*अथर्ववेद*लाई निगद, ब्रह्म र छन्द नामले पनि जनाइन्छ ।[68] *ऋग्वेद, यजुर्वेद* र *सामवेद*को तुलनामा अथर्ववेदमा सामाजिक, सांस्कृतिक, राजनैतिक, आयुर्वेदसम्बद्ध

---

63 रमाकान्त शास्त्री (सन् १९९८, पृ. १८) । सक्सेना (सन् २००१, पृ. ८६) ले ७ काण्ड, ४४ प्रपाठक र ६३१ अनुवाक् रहेको उल्लेख गरेको देखिन्छ ।

64 लुइटेल, तिलकप्रसाद (अनु.) । वि.सं. २०६३ । *यजुर्वेद (नेपालीमा)* । काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

65 रमाकान्त शास्त्री (सन् १९९८, पृ. २५) । सक्सेना (सन् २००१, पृ. १००) ले पूर्वार्चिकमा ६५० मन्त्र र उत्तरार्चिकमा १२२५ मन्त्र (कूल १८७५) र आत्रेय (वि.सं. २०७३, पृ. २८०) ले पनि जम्मा मन्त्र संख्या १८७५ भनी लेखेको देखिन्छ ।

66 लुइटेल, तिलकप्रसाद (अनु.) । वि.सं. २०६३ । *सामवेद (नेपालीमा)* । काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

67 रमाकान्त शास्त्री (सन् १९९८, पृ. ३०), आत्रेय (वि.सं. २०७३, पृ. २८१) ।

68 शर्मा (सन् १९९०, पृ. ४४०) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

विषयवस्तु बढी समावेश छन् । परिवारलाई समाजको एकाइ मान्ने र ग्रामलाई राज्यको एकाइ मान्ने प्रचलन *अथर्ववेद*मा आधारित छ ।[69]

CC-0.In Public Domain. Digitization by eGangotri

*अथर्ववेद*को पहिलो मन्त्र (काण्ड १, सूक्त १, मन्त्र १, अर्थात् अथर्व.–१.१.१) मा वाचस्पति देवताको प्रार्थना छ र अन्तिम मन्त्र (काण्ड २०, सूक्त १४३, मन्त्र ९, अर्थात् अथर्व.–२०.१४३.९) मा अश्विवनीकुमारहरूको स्तुति/आह्वान छ ।[70] सहृदयता दर्शनको अभिनिर्माणमा *अथर्ववेद* एक मुख्य स्रोत हो ।[71]

---

69 थप परिचर्चाको लागि द्रष्टव्य : अधिकारी र उपाध्याय (वि.सं. २०७४), विद्यालङ्कार (सन् २००१) ।

70 लुइटेल, तिलकप्रसाद (अनु.) । वि.सं. २०६३ । *अथर्ववेद (नेपालीमा)* । काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

71 अधिकारी, निर्मलमणि । वि.सं. २०७६ । *सहृदयता दर्शनको प्राक्कथन* । भक्तपुर : सहृदयता समाज नेपाल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

१४

वेदमा विज्ञान छ ?

वेदमा विज्ञान पनि छ, तर वेदमा विज्ञान मात्र छैन । वेदमा विज्ञान सहित अरु धेरै कुराहरू छन् । विज्ञान भनेको सुसंगत, क्रमबद्ध, पद्धतियुक्त, प्रणाली सहितको, वस्तुनिष्ठ, परीक्षणीय, विश्वास्य एवं प्रामाणिक विधि हो, जुन विधि वेदमा आधिभौतिक आयामको परिप्रेक्ष्यमा अन्तर्निहीत छ, अवलम्बित छ । विज्ञानलाई विज्ञानकै परिप्रेक्ष्यमा बुझेर उपर्युक्त सम्मेयताका दायरामा हेर्ने हो भने वेद र विज्ञानमा वैपरित्य देखिँदैन, वस्तुतः ऐक्य नै छ । हो, वेदमा प्रकृति विज्ञान र समाज विज्ञानका विधि र अन्तर्वस्तु दुवै समावेश छन्, तर वेदको विषयवस्तु विज्ञानको दायरामा मात्र सीमित छैन ।

प्रत्यक्ष प्रमाणका दायरामा रहेका आधिभौतिक परिघटनामा विज्ञानको पद्धति र आधुनिक विज्ञानको पद्धतिमा पूर्ण संगति छ ।[72] यो विषयवस्तुका प्रकरणमा वैदिक ज्ञानको व्यावहारिक प्रयोग आधुनिक विज्ञानका मानकबाट पनि सम्भव हुन्छ ।[73] तर, वेदका एक एक अक्षर, प्रत्येक मन्त्रको आधुनिक विज्ञानपरक अर्थ मात्र गर्न खोज्ने हो भने त्योचाहिँ असंगत हठ ठहर्छ । वेदका मन्त्रमा निहीत आधिदैविक र आध्यात्मिक आयाममा पनि जहिल्यै भौतिक विज्ञान मात्र खोज्नु त असम्मेयता दोष हुनेछ । उपनिषद्हरूमा विद्या र अविद्या भनेर बताउँदै अन्ततोगत्वा अविद्या र विद्याको समन्वयले मात्र मोक्ष हुनेमा जोड दिइएको[74] किन होला भन्ने विचार गर्नासाथ वैदिक मतमा विज्ञानको स्थान प्राथमिक छ भन्ने तथ्य बोध भइहाल्छ, तर विज्ञानले

72 अधिकारी (वि.सं. २०७६ग) ।

73 जस्तै : गजुरेल (वि.सं. २०६२), प्रपन्नाचार्य (वि.सं. २०६०) ।

74 अधिकारी (सन् २०१०, सन् २०१४) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

मात्र पुग्दैन भन्ने पनि उतिकै सत्य हो । आधिदैविक र आध्यात्मिक आयाममा वेदको
CC-0.In Public Domain. Digitization by eGangotri
विधि के छ भन्ने सवाल भौतिक विज्ञानको दायरा भन्दा बाहिरको विषय हो, जसको अन्वेषण, अनुसन्धान, परिशीलनका लागि अरु नै विधि छन् ।

वैज्ञानिकतायुक्त धर्म एवं धार्मिकतायुक्त विज्ञानको समष्टिकृत मार्गमा अगाडि बढ्न वेदले आधार दिन्छ । भौतिक, मानसिक, आध्यात्मिक सबै आयाममा सर्वाभ्युदयको लागि वैदिक ज्ञान एवं आधुनिक विज्ञानलाई समन्वय गर्नु पर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

१५

वेदका अङ्गहरू (वेदाङ्ग) के के हुन् ? साङ्गश्रुति भनेको के हो ?

वेदाङ्गको सूची निम्नानुसार रहेको छ :–

(१) शिक्षा,
(२) कल्प,
(३) व्याकरण,
(४) निरुक्त,
(५) ज्योतिष, र
(६) छन्द ।

यदि वेदाङ्गलाई मानव शरीरका अङ्गसँग दाँजेर बुझ्न खोज्ने होभने शिक्षालाई वेदको घ्राणेन्द्रिय (नाक), कल्पलाई वेदको हात, व्याकरणलाई वेदको मुख, निरुक्तलाई वेदको कान, ज्योतिषलाई वेदको आँखा र छन्दलाई वेदको पाउ (गोडा) भन्ने प्रचलन छ ।

साङ्गश्रुति के हो भन्ने प्रश्नको उत्तर पं. रुद्रमणि अधिकारीले बडो सरल तरिकाले दिनु भएको छ :–

वेदाङ्ग (६ वटा अङ्गहरू) ले सहित वेदलाई साङ्गश्रुति भनिन्छ ।

(१) शिक्षा ग्रन्थमा सार-स्वर सहित वेदका मन्त्रहरू पढ्ने तरिका सिकाइएको छ । प्रत्येक वेदका भिन्न भिन्न शिक्षा ग्रन्थ छन् ।

(२) कल्प ग्रन्थ दुई प्रकारका छन् – श्रौत कल्प र स्मार्त कल्प । श्रौत कल्पमा ब्राह्मण नामक वेद भागमा बताइएका कर्मको प्रयोगका विधिहरू बताइएका छन् । स्मार्त कल्पमा उपनयनादि संस्कार र अरुहरू स्मार्त कर्मका विधान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

बताइएका छन् । यी कल्प ग्रन्थपनि प्रत्येक वेदका भिन्न भिन्न छन् ।
CC-0.In Public Domain. Digitization by eGangotri

(३) व्याकरणमा धातु, प्रत्यय सन्धि, समास, लिङ्ग, आदि भेदहरूद्वारा शब्दहरूको साधन गरिएको छ । व्याकरण जान्नाले कुन शब्द शुद्ध हो र कुनचाहिँ शुद्ध हो भन्ने पूर्ण ज्ञान हुन्छ । बोल्दा शुद्ध र अशुद्ध शब्दको ज्ञान हुनु परम् आवश्यक हुन्छ ।

(४) निरुक्तमा शब्दहरूको ठीक ठीक अर्थ सुत्पत्तिपूर्वक गरिएको छ । अर्थात्, यसले वेंदका ऋचाहरूको ठीक अर्थ लगाउन मद्दत गर्दछ ।

(५) ज्योतिष शास्त्रका तीन भाग छन् – गणित, जातक र संहिता भाग । गणित भागमा योग (जोड), अन्तर (घटाउ), भाग, वर्ग, वर्गमूल, घन, घनमूल आदिको ज्ञान रहेको छ । यसकासाथै यस भागमा अनुयोग (देश, दिशा र कालको ज्ञान), चन्द्रग्रहण, सुर्यग्रहण, उदय, अस्त, छायाधिकार आदि बारेमा पनि ज्ञान समेटिएको छ । जातक भागमा राशिभेद, ग्रहयोनी, वियोनिज (मानवेतर जन्मफल), गर्भाधान, जन्म, अरिष्ठ, आयुदाय, आजीविका, अष्टकवर्ग, विभिन्न योगहरू (राजयोग, नाभसयोग, चन्द्रयोग, प्रव्रज्यायोग), राशि शील, ग्रहदृष्टिफल, ग्रहहरूको भावफल, अनिष्टफल, निर्याण (मृतविषक विचार), स्त्रीजातक फल, द्रेस्काण आदि बारेमा ज्ञान रहेको छ । संहिताभागमा ग्रहगति, वर्षक्षण, तिथि, दिन, नक्षत्रयोग, करण, मुहूर्त, सम्पूर्ण लग्न तथा ऋतुदर्शनको विचार, गर्भाधान, पुंसवन, सीमन्तोनयन, जातकर्म, नामाकरण, अन्नप्राशन, चूडाकर्म, कर्णबेध, उपनयन, वेदारम्भ, समापवर्त्तन, विवाह, प्रतिष्ठा, गृह लक्षण, यात्रा, गृह प्रवेश आदिका बारेमा बताइएको छ । ज्योतिषका सहायताबाट मानिसको भूत, भविष्य, वर्तमान जान्न सकिने हुन्छ । जुनसुकै कर्मपनि ठीक समयमा गर्नुपर्दछ र गलत समयमा गरिएको कर्म गलत फलदायक हुन्छ भन्ने ज्योतिषको निर्णय छ ।

(६) छन्दग्रन्थमा मगण आदि भेदले पद्य रचना गर्ने र रचित पद्यहरू उच्चारण गर्ने तरिका बताइएको छ । गायत्री आदि वैदिक र आर्या आदि लौकिक छन्दहरू छन् । वेदका ऋचाहरूको उच्चारण सार(स्वर सहित गर्नुपर्ने नियम छ । वैदिक ऋचा पाठ गर्नकालागि छन्दको ज्ञान जरुरी छ ।

यसरी ६ अंगहरू (शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्योतिष र छन्द) सहित वेदलाई साङ्गश्रुति भनिन्छ ।[75]

---

75 थप परिचर्चाका लागि द्रष्टव्य :– अधिकारी (वि.सं. २०१८, वि.सं. २०२९) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

१६

वैदिक सूत्रग्रन्थ, प्रातिशाख्य र अनुक्रमणी के हुन् ?

वेदमा सूत्रभाग तीन प्रकारका छन्– श्रौतसूत्र, गृह्यसूत्र, र धर्मसूत्र ।

यस समय निम्नलिखित श्रौतसूत्र उपलब्ध छन्–

*ऋग्वेद*का आश्वलायनश्रौतसूत्र र शाङ्खायनश्रौतसूत्र ।

*कृष्णयजुर्वेद*का आपस्तम्बश्रौतसूत्र, हिरण्यकेशीय (सत्याषाढ)-श्रौतसूत्र, बौधायनश्रौतसूत्र, भारद्वाजश्रौतसूत्र, वैखानस श्रौतसूत्र, वाधूलश्रौतसूत्र, मानवश्रौतसूत्र, र वाराहश्रौतसूत्र ।

*शुक्लयजुर्वेद*को कात्यायन (वा पारस्कर) श्रौतसूत्र ।

*सामवेद*को मशकसूत्र, लाह्यायनसूत्र, द्राह्यायणसूत्र, र खादिर आदि श्रौतसूत्र ।

*अथर्ववेद*को वैतानश्रौतसूत्र पाइन्छ ।

जसरी श्रौतसूत्र चारै वेदका हुन्छन्, उसरी नै चारै वेदका (छुट्टाछुट्टै) गृह्यसूत्र तथा धर्मसूत्र र शुल्बसूत्र पनि हुन्छन् । धर्मसूत्रहरूमा धर्माचारको र गृह्यसूत्रहरूमा कुलाचारको वर्णन हुन्छ ।

*ऋग्वेद*का आश्वलायन-गृह्यसूत्र तथा शाङ्खायन-गृह्यसूत्रछन् । यसको वशिष्ठ धर्मसूत्र पनि छ, जसबारेमा संस्कृतमा धेरै टीकाहरू छन् । (जति धेरै टीका, उति ग्रन्थ संख्यामा बढोत्तरी हुन्छ ।)

*कृष्णयजुर्वेद*का मानवगृह्यसूत्र, काठकगृह्यसूत्र, आपस्तम्बगृह्यसूत्र, बौधायनगृह्यसूत्र, वैखानस गृह्यसूत्र, र हिरण्यकेशीयगृह्यसूत्र तथा यिनै नामका धर्मसूत्रहरू पनि पाइएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

*शुक्लयजुर्वेद*का पारस्करगृह्यसत्र (यसमाथि कर्क, जयराम, गदाधर आदि सातओटा संस्कृत टीकाहरू पाइएका छन्) तथा कात्यायन एवं विष्णु धर्मसूत्र प्राप्त छन् ।

*सामवेद*का जैमिनीयगृह्यसूत्र, गोभिलगृह्यसूत्र, खादिरगृह्यसूत्र, द्राह्यायणगृह्यसूत्र तथा गौतम-धर्मसूत्र (यसमाथि मस्करिभाष्य तथा मिताक्षरावृत्ति प्राप्त छन्) तथा छान्दोगपरिशिष्ट पाइएका छन् ।

*अथर्ववेद*का कौशिक, वाराह एवं वैखानस गृह्यसूत्र पाइन्छन् । तर धर्मसूत्र प्राप्त छैनन् । (सम्भवतः विदेशी-विधर्मीका आक्रमणमा परेर वा अन्य विविध कारणले नष्ट भए होलान् ।)

प्रातिशाख्य एक प्रकारका वैदिक व्याकरण हुन् । यी चारै वेदका उपलब्ध छन् ।

कात्यायन-शुल्बसूत्र *यजुर्वेद*का शुल्बसूत्रहरूमध्येमा मुख्य हो । यसमा ज्यामितिशास्त्रको विस्तार छ । (चारै वेदका आफ्ना आफ्नै शुल्बसूत्र रहेका भएतापनि अहिले ती प्रायः लोप छन् । बौधायनको शुल्बसूत्रको नाम प्रसिद्ध छ ।[76]

अनुक्रमणीका सन्दर्भमा चर्चा गर्दा *ऋग्वेद*का आर्षानुक्रमणी, छन्दोऽनुक्रमणी, देवतानुक्रमणी, अनुवाकानुक्रमणी, सर्वानुक्रमणी, बृहद्दैवत, ऋग्विज्ञान, बह्वृच्परिशिष्ट, शाङ्खायनपरिशिष्ट, आश्वलायनपरिशिष्ट तथा ऋक्प्रातिशाख्य प्राप्त छन् । *कृष्णयजुर्वेद*का आत्रेयानुक्रमणी, चारायणीयानुक्रमणी र तैत्तिरीयप्रातिशाख्य प्राप्त छन् । *शुक्लयजुर्वेद*का प्रातिशाख्यसूत्र र कात्यायनानुक्रमणी पाइन्छन् ।[77]

---

76 "…. वर्ग तथा आयत बनाउने विधि, भुजासँग कर्णको सम्वन्ध, वर्गको क्षेत्रफलसँग वरावर हुने गरी आयत तथा वृत्त आदि रचना गर्ने तरिका वारेमा यस ग्रन्थमा दिइएको छ । यस ग्रन्थलाई आजभन्दा २८०० वर्ष पुरानो मानिएको छ । बहुचर्चित पाइथागोरस साध्य– जसअनुसार कुनैपनि समकोणी त्रिभुजमा h2=p2+b2 हुन्छ– लाई वास्तवमा गणितज्ञ 'बौधायन'को नामबाट ' बौधायनसाध्य' भनिनु पर्थ्यो । किनकि यसलाई पाइथागोरस जन्मनुभन्दा धेरै अगाडि नै बौधायनले प्रमाणित गरिसकेका थिए । भौतिक विज्ञानको वर्णन गर्नेवाला यी शुल्बसूत्रहरू लोप हुनाले वैदिक भौतिक विज्ञान लुप्त भयो ।

77 सामवेद र अथर्ववेदका अनुक्रमणी बारेमा कुनै चर्चा गरिएको छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

१७

वेद र उपवेदको सम्बन्ध के हो ?

मानवका दैनिक व्यवहारमा आइपर्ने विभिन्न कार्यसँग सम्बन्धित शास्त्रहरू उपवेद अन्तर्गत पर्छन् । जस्तै :–अर्थवेद, धनुर्वेद, गान्धर्ववेद, आयुर्वेद । एक मान्यता छकि आयुर्वेद ऋग्वेदको, धनुर्वेद यजुर्वेदको, गान्धर्ववेद सामवेदको र अर्थवेद अथर्ववेदको उपवेद हो । तर यसमा एक रूपता छैन र विभिन्न उपवेदका नाम दिने गरिएको पनि पाइन्छ । अझ अर्को मान्यतानुसार त उपवेद भनिने कुनै ग्रन्थविशेष नभई विविध विधागत ग्रन्थहरूलाई तिनीहरूका मूल विषयानुसार कुनै उपवेद अन्तर्गतका भनेर वर्गीकरण गरिएको हो भनिएको पनि पाइन्छ ।[78]

---

78 यस्ता दैनिक जीवनका अनेक विषयमा लेखिएका ग्रन्थहरूको पूर्ण सूची दिनु असम्भवप्रायः किन छभने यी लाखौंको संख्यामा हुने स्पष्ट छ । यहाँ डा. राधाकृष्णन्लाई उद्धृत गरौं : "यो बौद्धिक प्रेरणा केवल दर्शनशास्त्र र ब्रह्मविद्या सम्म मात्र सीमित छैन, यो त तर्कशास्त्र होस् वा व्याकरणशास्त्रमा, अलंकारशास्त्र होस् वा भाषाविज्ञानमा, आयुर्विज्ञान होस् वा ज्योतिषशास्त्रमा – वस्तुतः स्थापत्यकलादेखि लिएर प्राणीविज्ञान सम्म समस्त ललितकला र विज्ञानहरूमा व्याप्त छ । यस देशमा प्रत्येक वस्तु जो जीवनकालागि उपयोगी छ अथवा मस्तिष्ककोलागि रुचीकर छ, जाँचबुझ एवं समीक्षाको विषय बन्न पुग्छ । यहाँको बौद्धिक जीवन कति व्यापक र पूर्ण रहेको थियो भन्ने आभास यस तथ्यबाट पनि पाउन सकिन्छ कि यहाँ अश्वपालनविद्या एवं हात्तीहरूलाई प्रशिक्षित गर्ने विद्या जस्ता साना साना विषयहरूका समेत आफ्ना आफ्ना शास्त्र र साहित्य रहेका छन् ।" अनि यस्ता व्यावहारिक पक्षमा लेखिने 'शास्त्र'हरूको संख्या दिनप्रतिदिन उत्तरोत्तर वृद्धि भइरहेकै हुन्छ भन्ने तथ्य पनि यहाँनेरै स्मरणीय छ । अनि पुरानाका भाष्य तथा टीकाले त्यो संख्यालाई थप बढोत्तरी गराउँछन् । उदाहरणकालागि कौटिल्यको अर्थशास्त्रबारेमा लेखिएका पुस्तकमात्र सयौंको संख्यामा रहेको अनुमान छ ।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

१८

वेदका उपाङ्ग के हुन् ?

कतिपय अध्येताहरूले वेदलाई प्रमाण मान्ने ६ वटा दर्शनलाई वेदका उपाङ्गका रूपमा पनि उल्लेख गरेका पाइन्छ। ती हुन् :–

(१) सांख्य,
(२) योग,
(३) न्याय,
(४) वैशेषिक,
(५) मीमांसा (पूर्वमीमांसा), र
(६) वेदान्त (ब्रह्मसूत्र वा उत्तरमीमांसा)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

१९

वेद (श्रुति) र स्मृति को सम्बन्ध के हो ?

श्रुति नित्य छन् र सार्वकालीक हुन् । श्रुतिको सर्वोच्चता मानेर देश, काल, परिस्थिति अनुसार समय सयमा बनाइएका विधि-निषेधका नियमहरू स्मृति ग्रन्थका रूपमा प्रस्तुत हुँदै आएका छन् । स्मृति ग्रन्थहरू मानवकृत हुन् । इतिहासमा पाइन्छकि हिन्दूधर्म तथा हिन्दूसमाजको संचालन मुख्यतया स्मृतिहरूद्वारा नै हुन्थ्यो । स्मृतिहरूमा अर्थ, धर्म, काम, मोक्ष– चारै पुरुषार्थको विवेचन छ । यिनमा वर्णव्यवस्था, अर्थव्यवस्था, वर्णाश्रमधर्म, विशेष अवसरका कर्महरू, प्रायश्चित्त, शासनविधान, दण्डव्यवस्था तथा मोक्षका साधनहरूका वर्णन छ । यस समय प्राय: सयभन्दा धेरै स्मृतिहरू उपलब्ध छन् । तीमध्ये यहाँ थोरै, मुख्य-मुख्य स्मृतिहरूको नाम दिइएको छ– मनु, याज्ञवल्क्य, अत्रि, विष्णु, हारीत, औशनस, आङ्गिरस, यम, आपस्तम्ब, संवर्त, कात्यायन, वृहस्पति, पराशर, व्यास, शङ्ख, लिखित, दक्ष, गौतम, शातातप, वशिष्ठ, प्रजापति, आदि । यिनीहरूमध्येमा *मनुस्मृति* तथा *याज्ञवल्क्यस्मृति* अधिक विख्यात छन् । कलियुगकोलागि पराशरस्मृति मुख्य मानिएको छ । तर देश (राज्य) हरूले आफ्ना विधायकी प्रक्रियाद्वारा संविधान, ऐन, नियम आदि बनाउने लागू (कार्यान्वयन) गर्ने पद्धति प्रभुत्वशाली भइसकेको वर्तमान युगमा प्राचीन कालका स्मृति ग्रन्थहरू सन्दर्भ ग्रन्थ मात्र हुन सक्छन् भन्ने तर्क पनि छँदैछ ।

मनुस्मृति सहितका शीर्षक नै स्मृति भएका ग्रन्थहरूका साथसाथै *महाभारत, रामायण,* पुराणहरू लगायतलाई पनि स्मृतिकै मान्यता दिनु पर्छ भन्ने मान्यता पनि भारतवर्षमा प्रचलनमा छ, तर पुराणादिलाई प्रमाण मान्नु हुँदैन भनेर आर्य समाजको तर्क छ । मान्नेहरूले पनि वेदको सर्वोच्चता अन्तर्गत, वेदसँग नबाझिने हदसम्म मात्र *महाभारत, रामायण,* पुराणादिलाई प्रमाण मान्ने तर्क गरेको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

निबन्धग्रन्थ पनि एक प्रकारका स्मृतिग्रन्थ नै हुन् भनिएको देखिन्छ। धर्मशास्त्रका विद्वानहरूले यिनलाई स्मृति जत्तिकै प्रमाण मान्छन्। (केही) मुख्य निबन्धग्रन्थहरूको नाम यहाँ दिइएको छ। जीमूतवाहनका तीन ग्रन्थ छन्– *दायभाग, कालविवेक,* र *व्यवहारमातृका*। शूलपाणिको *स्मृतिविवेक* अपूरो प्राप्त भएको छ, जसका चार खण्ड पाइएका छन्। रघुनन्दनको *स्मृतितत्व* विशाल अट्ठाइस भागको ग्रन्थ हो। अनिरुद्धका तीन ग्रन्थ छन्– *हारलता, आशौचविवरण,* र *पितृदयिता*। बल्लालसेनका चार ग्रन्थ छन्– *आचारसागर, प्रतिष्ठासागर, अद्भूतसागर,* र *दानसागर*। यी ग्रन्थ बंगालका निबन्धकारहरूका हुन्।

श्रीदत्त उपाध्यायका तीन ग्रन्थ छन्– *आचारादर्श, समय-प्रदीप,* र *श्राद्धकला*। चण्डेश्वरको विशाल ग्रन्थ हो *स्मृतिरत्नाकर*, वाचस्पति मिश्रको *विवाद-चिन्तामणि*; अतिरिक्त ११ ग्रन्थ छन्– आचारचिन्तामणि, आह्निकचिन्तामणि, कृत्यचिन्तामणि, *तीर्थचिन्तामणि, व्यवहार चिन्तामणि, शुद्धिचिन्तामणि, श्राद्धचिन्तामणि, तिथिनिर्णय, द्वैतनिर्णय, शुद्धिनिर्णय,* र *महादान*– यी ग्रन्थ मैथिल निबन्धकारहरूका हुन्।

देवण्णभट्टको *स्मृतिचन्द्रिका* विस्तृत ग्रन्थ छ। हेमाद्रिको *चतुर्वर्गचिन्तामणि* धर्मशास्त्रको विश्वकोश नै हो भनिएको देखिन्छ। माधवाचार्यका सात ग्रन्थ छन्– *कालमाधव, पराशरमाधव, दत्तकमीमांसा, गोत्र-प्रवर-निर्णय, मुहूर्तमाधव, स्मृतिसंग्रह,* एवं *व्रात्यस्तोमपद्धति*। नारायणभट्टका तीन ग्रन्थ छन्– *त्रिस्थलीसेतु, अन्त्येष्टिपद्धति,* र *प्रयोगरत्नाकर*। नन्द पण्डितका ग्रन्थ हुन्– *श्राद्धकल्पलता, शुद्धिचन्द्रिका, तत्त्वमुक्तावली,* र *दत्तकमीमांसा*। कमलाकरभट्टका २२ ओटा ग्रन्थहरूमध्ये *निर्णयसिन्धु, शूद्रकमलाकर, दानकमलाकर, पूर्तकमलाकर, वेदरत्न, विवाद-ताण्डव* तथा *प्रायश्चित्तरत्न* मुख्य मानिन्छन्। नीलकण्ठ भट्टको *भगवन्तभाष्कर* तथा मित्रमिश्रको *वीरमित्रोदय*– यी निकै ठूला ग्रन्थ हुन्। लक्ष्मीधरको *कृत्यकल्पतरु* पनि अनेकौं भागमा छ। जगन्नाथ तर्कपञ्चाननको *विवादार्णव* कानूनी दृष्टिकोणले महत्वपूर्ण मानिन्छ। यी काशीका निबन्धकारहरूका ग्रन्थ हुन्। यिनको अतिरिक्त काशीनाथ उपाध्याय आदिका *धर्मसिन्धु, निर्णयामृत, पुरुषार्थचिन्तामणि* आदि पनि थुप्रै निबन्धहरू छन्।[79] नेपालमा माथि उल्लेखित निबन्धग्रन्थहरूमध्ये हिन्दू-लौकिक-जीवनमा *धर्मसिन्धु* तथा *निर्णयसिन्धु* धेरै प्रचलित छन्।

---

79 यहाँ चर्चा गरिएका निवन्धहरू विशाल भण्डारका एक नमूना मात्र हुन् भन्ने तथ्य हामीले बुझ्नुपर्छ। भारतवर्षका विभिन्न स्थानका विद्वानहरूले लेखेका, अनि यहाँ प्रचलित विभिन्न भाषामा लेखिएका ग्रन्थहरूको सूचीकालागि त एउटा सिङ्गै कृति पनि सम्भवतः कमै हुनेछ। अनि त्यस्ता कृतिमध्ये कति त कालकवलित पनि भइसके। यहाँ उद्धृत/उल्लेखित प्रसङ्गका सन्दर्भ स्रोतका लागि द्रष्टव्य :– अधिकारी, निर्मलमणि। वि.सं. २०६०। हिन्दूअवध(ारणामा सञ्चारप्रक्रिया। स्नातकोत्तर शोधपत्र। पूर्वाञ्चल विश्वविद्यालय।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२०

वेद (निगम) र आगम ग्रन्थहरूको कस्तो सम्बन्ध छ ?

वेद (श्रुति), वेदाङ्ग, स्मृतिदेखि लिएर वैदिक परम्पराका निबन्धग्रन्थहरूसम्मको परम्परालाई 'निगम' भनिन्छ। यसैको समान दोस्रो अनादि परम्परा जो छ, त्यसलाई 'आगम' भनिन्छ। आगमका दुई भाग छन्– दक्षिणागम अथवा समयमत र वामागम अथवा कौलमत। सनातनधर्ममा निगम तथा आगम दुबैलाई प्रमाण मान्ने गरिन्छ। श्रुतिहरूमा नै दक्षिणागमको मूल छ र पुराणहरूमा त्यसको विस्तार भएको छ। यस आगमशास्त्रको विषय हो– उपासना।

(शैवागममा) भगवान् शङ्करको मुखबाट २८ तन्त्र प्रकट भएका थिए भनिन्छ। उपतन्त्रहरूलाई मिलाएर यो संख्या २०८ हुन्छ। (प्रत्येकको आफ्नै ग्रन्थ हुने कुरा यहाँनेरपनि स्मरणीय छ।) यिनमापनि ६४ ओटालाई मुख्य मानिएको छ। किंतु यी सबै उपलब्ध छैनन् (लुप्त भइसकेका छन्)। शिवाचार्यका प्रामाणि ग्रन्थ यी हुन्– *पाशुपतसूत्र, नरेश्वरपरीक्षा, तत्त्वसंग्रह, तत्त्वत्रय, भोगकारिका, मोक्षकारिका, परमोक्षनिशाकारिका, श्रुतिसूक्तिमाला, चतुर्वेद-तात्पर्यसंग्रह, तत्त्वप्रकाशिका, सूतसंहिता, नादकारिका,* र *रत्नत्रय*। वीरशैवमतको प्रामाणिक ग्रन्थ *सिद्धान्तशिखामणि* हो। प्रत्यभिज्ञामार्गमा ९२ आगम प्रमाण मानिन्छन्। (यी प्रत्येकका आफ्नै ग्रन्थ छन्।) यिनीहरूमध्येमा *सिद्धान्ततन्त्र, नामकतन्त्र,* र *मालिनीतन्त्र*– यी तीनओटालाई मुख्य मानिन्छ। यिनका अतिरिक्त *स्पन्दसर्वस्व, शिवदृष्टि, परात्रिंशिका, त्रिवृत्ति, ईश्वरप्रत्यभिज्ञाकारिका, सिद्धित्रयी, शिवस्तोत्रावली, तन्त्रालोक* आदिपनि यसै मतका प्रधान ग्रन्थ हुन्।

शाक्तागममा पनि ६४ ग्रन्थ मुख्य मानिएका छन्। यी सबै प्राप्त हुँदैनन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

त्यसो त शाक्ततन्त्रहरूको संख्या हजार भन्दा पनि अधिक छ। (सबै तन्त्रका आफ्ना आफ्ना ग्रन्थहरू हुने भएतापनि थुप्रै थुप्रै कालकवलित भइसके।)

CC-0.In Public Domain. Digitization by eGangotri

वैष्णवागममा पाञ्चरात्र तथा वैखानसआगम, यी दुई प्रकारका ग्रन्थ पाइन्छन्। पाञ्चरात्र संहिताहरूमध्येमा केवल १३ ओटा संहिता पाइएका छन्– *अहिबुध्न्यसंहिता, ईश्वरसंहिता, कपिञ्जलसंहिता, जयाख्यसंहिता, पराशरसंहिता, पाद्मतन्त्र, बृहद्ब्रह्मसंहिता, भारद्वाजसंहिता, लक्ष्मीतन्त्र, विष्णुतिलक, श्रीप्रश्नसंहिता, विष्णुसंहिता,* र *सात्वतसंहिता*। (वैखानसआगमका ग्रन्थहरूको उल्लेख गरिएको छैन तापनि त्यसका पनि संहिता रहेको कुरा सहजै अनुमान गर्न सकिन्छ।)

आगमग्रन्थहरूमध्येमा पनि धेरैका बारेमा भाष्य, टीका, कारिका तथा सार-संक्षिप्त ग्रन्थ छन्। भनिन्छकि यी उपलब्ध ग्रन्थहरूका अतिरिक्त अप्रकाशित सयौं तन्त्रग्रन्थ नेपालमा छन्। भारतमा पनि यस्ता ग्रन्थहरूको संख्या निकै ठूलो छ, जो अज्ञात छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२१

वेदमा कस्ता कस्ता ज्ञान छन् ?

पण्डित रुद्रमणि अधिकारीले बताउनु भएको यहाँ उद्धृत गरौं :–

वेदमा दुई किसिमको ज्ञान / शिक्षा पाइन्छ । एक, व्यावहारिक र अर्को, पारमार्थिक । व्यावहारिक शिक्षा सूत्र रूपमा पाइन्छ र पारमार्थिक शिक्षा विस्तृत रूपमा । यसको रहस्य केभने (व्यावहारिक वस्तुहरू बदलिइ रहन्छन् । बदलिइ रहने वस्तुको विशेष बयान गर्नु व्यर्थ कुरा हुन्छ । पारमार्थिक वस्तु बदलिँदैनन्, ती सधैं एकनाश रहन्छन् । परमार्थ (सत्य(वस्तु) को पत्ता लगाउने हुनाले यिनलाई पारमार्थिक भनिएको हो र यस सम्बन्धी शिक्षालाई पारमार्थिक शिक्षा भनिन्छ । पारमार्थिक ज्ञानको अर्को नाम हो – अध्यात्मज्ञान ।[80]

शुक्राचार्यले *नीतिसार* को चतुर्थ अध्याय, तेस्रो प्रकरणमा बताएका छन्कि हुन त विद्याका अनन्त भेद छन् र तिनको नामसम्म पनि गन्न सकिँदैन; परन्तु तीमध्ये ३२ ओटा मुख्य छन् । ... 'हिन्दूसंस्कृति'का आधारभूत उक्त ३२ विद्याहरूमा चार वेद, चार उपवेद, छ वेदाङ्ग, छ दर्शन, इतिहास, पुराण, स्मृति, नास्तिकमत, अर्थशास्त्र, कामशास्त्र, शिल्पशास्त्र, काव्य, देशभाषा, अवसरोक्ति, यवनमत, र देशादिधर्म छन् ।"

यीमध्ये चार वेद, चार उपवेद, छ वेदाङ्ग, छ दर्शन, इतिहास, पुराण, तथा स्मृतिका सम्बन्धमा माथि चर्चा गरिसकिएको छ । यहाँको सूचीमा 'नास्तिकमत' भनेर वेद-निन्दकहरूलाई संकेत गरिएको हो । प्राचीनकालमा चार्वाकदर्शन, लोकायतदर्शन, बौद्धदर्शन, जैनदर्शन, आदि वेद-निन्दक रहेका थिए । हिन्दूत्वको मूलआधार वेदकै निन्दा गर्ने भएतापनि यिनलाई 'हिन्दू'कै बृहद् अवधारणामा किन पारिएको होभने मुखले वेदको विरोध गरेतापनि सांस्कृतिक नैरन्तर्यको आधारमा यिनीहरू त्यसबाट

---

80 थप परिचर्चाका लागि द्रष्टव्य :– अधिकारी (वि.सं. २०१८, वि.सं. २०२९) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

पृथक् भने रहेका थिएनन् । सूचीमा रहेको अर्थशास्त्रको मतलब वर्तमान समयको ' इकोनोमिक्स' (जसको उल्था अर्थशास्त्र भनेर गर्ने गरिन्छ तर सम्पत्तिशास्त्र भन्नु उपयुक्त हुन्छ) र 'पोलिटिक्स' (जसको उल्था राजनीतिशास्त्र भनेर गर्ने गरिन्छ) दुबैलाई बुझ्नुपर्दछ ।

CC-0 In Public Domain. Digitization by eGangotri

कामशास्त्र आधुनिक यौनशिक्षाको प्राचीन रूप हो । प्राचीनकालमा कामशास्त्रका अनेक ग्रन्थहरू रहेका भएतापनि अहिले हिन्दू-कामशास्त्र भन्नासाथ वात्स्यायनको ग्रन्थलाई बुझ्ने गरिएको देखिन्छ । शिल्पशास्त्र अन्तर्गत पूरै 'सिविल इञ्जिनियरिङ्ग' आउँछ, मूर्तिकला पनि यसैमा समावेश छ; यस प्रकारले यस शास्त्रमा 'आर्किटेक्चर' र 'स्कल्पचर' दुबै पर्दछन् । शिल्पशास्त्रका अनेक हिन्दू-ग्रन्थ उपलब्ध भएतापनि यस विषयका जानकारहरूको प्रायः अभाव भइसकेको छ ।

काव्यको यति ठूलो भण्डार भारतवर्षमा रहेको छकि त्यसको वर्णन गरिसाध्य छैन । माथिको सूचीमा देशभाषा भन्नाले हिन्दू जनसमुदायका स्थानीय (देशज्) संस्कृतेतर भाषाहरूलाई जनाएको हो । धार्मिक-सांस्कृतिक आधारमा एक ' हिन्दूत्व'को पहिचान भएतापनि यहाँभित्र भाषिक आधारमा जुन विविधता छ, त्यसको प्रकटीकरण हिन्दूशास्त्रमा पनि अवश्यै भएको छ । देशभाषाका शास्त्रहरू अवश्यनै तत् तत् समुदायमा हिन्दूत्वका आधारस्तम्भका रूपमा रहेका छन् । यस्ता देशभाषाका हिन्दूशास्त्रहरू कति संख्यामा होलान् ? यसको अनुमान गर्नु आफैंमा निक्कै कठिन कार्य हो ।

अवसरोक्ति भनेको अहिलेको 'हाजिरजवाफी' हो । यससम्बन्धी छुट्टै ग्रन्थहरू लेखिएको वा नलेखिएको बारेमा कुनै जानकारी प्राप्त भइसकेको छैन । यहाँ यवनमत भन्नाले सामान्य अर्थमा यूनानवासी र बृहद् अर्थमा सम्पूर्ण विदेशी-विधर्मीहरूका मतलाई जनाइएको हो । हिन्दूलाई विदेशी-विधर्मीले कसरी हेरेका छन् भन्ने जानकारी नभई हिन्दूत्वको पूर्ण ज्ञान भएको कसरी मान्न सकिन्छ र ! सम्भवतः यही कारणले प्राचीन कालदेखिनै यवनमतलाई पनि विद्याका रूपमा स्वीकार गरियो । हिन्दूका बारेमा लेखिएका विदेशी ग्रन्थको संख्या कति होला भन्ने अनुमान समेत गर्न सकिएको छैन । अत्यन्त प्राचीनकालदेखिनै हिन्दूहरू विभिन्न विदेशीहरूसँग सम्पर्कमा आइरहेको ऐतिहासिक प्रमाण पाइएको पृष्ठभूमिमा त्यस्ता ग्रन्थहरू निकै नै हुनुपर्छ भन्न सकिन्छ । शुक्राचार्यको सूचीमा बत्तिसौं विद्याको रूपमा रहेको देशादिधर्मको अर्थ भिन्न भिन्न देश, कुल या जातिहरूमा प्रचलित विविध आचार-विचारलाई बुझ्नु पर्दछ । तसर्थ, यदि देशादिधर्मका बारेमा लेखिएका ग्रन्थहरू छन् भने तीपनि 'हिन्दूशास्त्र'को बृहद् परिधिमै समेटिने बुझ्नुपर्दछ ।[81]

---

81 यहाँ उद्धृत/उल्लेखित प्रसङ्गका सन्दर्भ स्रोतका लागि द्रष्टव्य :– अधिकारी, नि(र्मलमणि । वि.स. २०६० । *हिन्दूअवधारणामा सञ्चारप्रक्रिया* (स्नातकोत्तर शोधपत्र) । पूर्वाञ्चल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

गीताप्रेस, गोरखपुरद्वारा सन् १९५० मा प्रकाशित *'कल्याण हिन्दू संस्कृति अङ्क'* को पृ. २५०–२५५ मा पं. भगवद्दत्तको लेख 'आर्य-वाङ्मय' मा उल्लेख गरिएका ग्रन्थहरूको सूची यहाँ प्रस्तुत गरिएको छ । यस सूचीबाट वैदिक परम्पराका शास्त्रहरूको व्याप्ति बारेमा थप जानकारी मिल्ने छ ।

CC-0.In Public Domain. Digitization by eGangotri

(१) लोकायतशास्त्र– प्रतीत हुन्छकि लोकायतशास्त्र शुद्ध राजनीति विषयक शास्त्र थियो । उत्तरकालमा यो नास्तिक शास्त्र भनिन थाल्यो ।

(२) धनुर्वेदसूत्र– औशनस धनुर्वेद, भारद्वाज धनुर्वेद, जमदग्नीकृत धनुर्वेद, आदि ।

(३) व्यूहशास्त्र– महाभारत, भीष्मपर्वमा साक्ष्य पाइएतापनि हाल ग्रन्थ अनुपलब्ध ।

(४) रथसूत्र– महाभारत, सभापर्वमा साक्ष्य पाइएतापनि हाल ग्रन्थ अनुपलब्ध ।

(५) अश्वसूत्र– अनेक अश्वसूत्रहरू रहेका भएतापनि यस समय उपलब्ध चाहिं नकुलको हो भनिएको छ ।

(६) हस्तिसूत्र– लोमपादकृत हस्तिसूत्र, बुधकृत हस्तिशास्त्र ।

(७) हस्त्यायुर्वेद– यस विषयको पालकाप्य मुनिको ग्रन्थ सम्प्रति उपलब्ध छ । गजवैद्यकृत, हस्तिवैद्यकृत ग्रन्थ पनि रहेका थिए भन्ने प्रमाण पाइन्छ ।

(८) शालिहोत्र (घोडाको चिकित्सासम्बन्धी) ग्रन्थ– साक्ष्य पाइएको, तर ग्रन्थ अनुपलब्ध ।

(९) यन्त्रसूत्र– भारतवर्षमा यन्त्रको प्रचलन तथा तिनकाबारेमा अनेक शास्त्रहरू रचिएका भएतापनि हाल प्रायः लुप्त भएका । महाभारतकालमा यसको औपचारिक पढाइ हुने साक्ष्य प्राप्त । विश्वकर्म-प्रोक्त यन्त्रमात्रिका ग्रन्थको पनि साक्ष्य मिल्छ । वर्तमान समयमा समराङ्गणसूत्रधार, युक्तिकल्पतरु आदिमा यन्त्रको वर्णन पाइन्छ ।

(१०) वाणिज्यशास्त्र– विदेहराजकृत वाणिज्यशास्त्रको साक्ष्य पाइन्छ ।

(११) गन्धशास्त्र– साक्ष्य प्राप्त, तर ग्रन्थ हाल अनुपलब्ध ।

(१२) कृषिशास्त्र– पराशर र वृद्धपद्वारा प्रोक्त कृषिशास्त्रको साक्ष्य पाइएको । यस शास्त्रको अर्को नाम सस्यवेद रहेको बताइन्छ ।

(१३) पाशुपाल्यशास्त्र– गौतममुनिकृत यस शास्त्रको साक्ष्य पाइएको ।

(१४) गो-आयुर्वेद– यस विषयका गोवैद्य तथा गोलक्षण नामक ग्रन्थका साक्ष्य पाइएका ।

(१५) वृक्ष-आयुर्वेद– आग्निवेश्यमुनिकृत यस ग्रन्थको पनि साक्ष्य पाइएको, तर ग्रन्थ अनुपलब्ध ।

(१६) तक्षशास्त्र– गार्ग्य र अगस्त्य मुनिरचित ग्रन्थका साक्ष्य पाइएका ।

(१७) मल्लशास्त्र– ग्रन्थकार एक पुरातन ऋषि भएका, जसको नाम पत्ता नलागेको ।

विश्वविद्यालय ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

(१८) वास्तुशास्त्र– यो एक महान् शास्त्र थियो । यसका १८ जना उपदेष्टाको नाम मत्स्यपुराणमा उल्लेख गरिएको छ । तीमध्ये विश्वकर्माको ग्रन्थ त टुट-फुट अवस्थामा भएपनि प्राप्त छ । साथै मयकृत ग्रन्थ पनि मुद्रित भइसकेको छ । गान्धारराज नग्नजित्ले आयुर्वेदविषयक महान् ग्रन्थ साथै वास्तुशास्त्र पनि लेखेको बताइन्छ । विशालाक्षले पनि अर्थशास्त्र र वास्तुशास्त्रका ग्रन्थ लेखेको उल्लेख गरिएको छ । इन्द्रले व्याकरणशास्त्र, अर्थशास्त्र, आयुर्वेदशास्त्र, र वास्तुशास्त्र पनि रचे भनिएको छ । ब्रह्मा, कुमार, वासुदेव, अनिरुद्ध, शुक्र, वृहस्पति आदिले पनि छुट्टाछुट्टै वास्तुशास्त्र ग्रन्थ लेखेको बताइएको छ । नन्दीशले कामसूत्र र वास्तुशास्त्र रचेको उल्लेख छ । अन्य प्राचीन वास्तुशास्त्रका पनि साक्ष्य प्राप्त छन् ।

CC-0.In Public Domain. Digitization by eGangotri

(१९) वाकोवाक्य– साक्ष्य प्राप्त, तर ग्रन्थ अनुपलब्ध ।

(२०) चित्रसूत्र– प्रजाप्रतिकृत 'चित्रकर्मा' तथा आदित्य वा विवस्वान्कृत ग्रन्थको पनि साक्ष्य प्राप्त छ । विष्णुधर्मोत्तरमा चित्रशास्त्रको विषयमा एक लेख पाइन्छ । चित्रशास्त्रविषयक पुराना संस्कृत ग्रन्थको विवरण उपलब्ध रहेको जनाइएको छ ।

(२१) लिपिशास्त्र– अनेक साक्ष्यहरू प्राप्त ।

(२२) मानशास्त्र– विभिन्न देशका मान (तौल)बारेको यस शास्त्रको पनि साक्ष्य उपलब्ध छ ।

(२३) धातुशास्त्र– साक्ष्य प्राप्त, तर ग्रन्थ अनुपलब्ध ।

(२४) संख्याशास्त्र– साक्ष्य प्राप्त, तर ग्रन्थ अनुपलब्ध ।

(२५) हीरकसूत्र– लाहोरमा यस शास्त्रको एक ग्रन्थ देखेको कुरा उल्लेख गरिएको छ ।

(२६) अदृष्टशास्त्र– साक्ष्य प्राप्त, तर ग्रन्थ अनुपलब्ध ।

(२७) तान्त्रिक श्रुति– साक्ष्य प्राप्त, तर ग्रन्थ अनुपलब्ध ।

(२८) शिल्पशास्त्र– भृगुकृत, मयकृत, विश्वकर्माकृत तथा अन्य पनि शिल्पशास्त्रका साक्ष्य प्राप्त । शिल्पशास्त्रको पारिभाषिक शब्दका रूपमा शिल्पिभाण्ड शब्द रहेको पनि पत्ता लागेको छ ।

(२९) माया-योग वेद– साक्ष्य प्राप्त, तर ग्रन्थ अनुपलब्ध ।

(३०) माणवविद्या (हार बनाउने विद्या)– साक्ष्य प्राप्त, तर ग्रन्थ अनुपलब्ध ।

(३१) सूद (पाक) शास्त्र– यस विषयमा नलकृत ग्रन्थ रहेको साक्ष्य प्राप्त, तर ग्रन्थ अनुपलब्ध । यस शास्त्रको अर्को नाम सूपशास्त्र पनि थियो भन्ने बुझिन्छ ।

(३२) द्रव्यशास्त्र– साक्ष्य प्राप्त, तर ग्रन्थ अनुपलब्ध ।

(३३) मत्स्यशास्त्र– साक्ष्य प्राप्त, तर ग्रन्थ अनुपलब्ध ।

(३४) वायसविद्या– साक्ष्य प्राप्त, तर ग्रन्थ अनुपलब्ध ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

(३५) सर्पविद्या– साक्ष्य प्राप्त, तर ग्रन्थ अनुपलब्ध।

CC-0.In Public Domain. Digitization by eGangotri

(३६) भाष्यग्रन्थ

(३७) चौरशास्त्र– आचार्य खर्पटको चौरशास्त्र प्रसिद्ध रहेको बताइएको छ।

(३८) मातृतन्त्र-मातृवेद– साक्ष्य प्राप्त, तर ग्रन्थ अनुपलब्ध।

वास्तवमा, वेद एवं वैदिक ज्ञान सम्पदा मानवका लागि आवश्यक भौतिक, मानसिक र आध्यात्मिक सबै तह (आयाम) का ज्ञान / विद्याको स्रोत हो। तर समुचित शिक्षण प्रशिक्षण प्रणालीको अभावमा धेरै विधाका प्राचीन ग्रन्थहरू अज्ञात रहने वा विलुप्त हुने अवस्था देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२२

वेदलाई विश्वको विधान भन्न सकिने आधार के हो ?

पण्डित रुद्रमणि अधिकारीले भन्नु भएको यहाँ उद्धृत गरौं :–

वेद विश्वको विधान हो भन्नुमा अत्युक्ति हुनेछैन । 'वेद'को अर्थ हो ज्ञान । ज्ञान भनेको जान्नु हो । जान्नका निमित्त सिक्नु पर्दछ । सिक्नुलाई शिक्षा भनिन्छ । शिक्षा प्राप्त गरिसकेका व्यक्तिहरू शिक्षित कहलाउँछन् र वास्तवमा उनीहरू शिष्ट बन्दछन् । यही शिष्ट शब्दमा आचार समेत जोडिएपछि बन्छ- शिष्टाचार । आचार शब्द आङ्ग उपर्सग पूर्वक चर धातुबाट बनेको र आङ्गपूर्वक चर धातुको गर्नु अर्थ भएको हुनाले आचारको अर्थ हो- गरिने कुरा । शिष्टहरूले गरिने कुरा शिष्टाचार र गर्न नहुने कुरा अनाचार भन्ने हाम्रो परम्परा छ । यो कुरा यसरी गर्नु भनेर सूत्र (छोटकरी) रूपमा सिकाउने र त्यसको विपरीत व्यवहार नगर्नलाई व्यवस्था गर्ने लिखत वा ग्रन्थलाई विधान भन्ने चलन छ । एकै वाक्यमा बताउनुपर्दाखेरिमा, वेद विश्वको विधान हो किनकि यसले शिष्टाचारको ज्ञान दिन्छ र मानव समाजलाई अनाचारबाट जोगाउँछ ।[82]

वेद कुनै एक वर्ग, कुनै एक जाति वा प्रजाति वा नश्ल, कुनै एक सम्प्रदाय वा कुनै एक भूखण्डको लागि मात्र होइन । यसमा देश, समय, परिवेशजन्य सीमा, संकीर्णता, अव्याप्ति दोष छैन । यो त सार्वजनीन संहिता हो र संसारका सबैका लागि हितकारी छ । तसर्थ, वेद विश्वको विधान बन्न सम्भव छ ।

82 थप परिचर्चाका लागि द्रष्टव्य :– अधिकारी (वि.सं. २०१८, वि.सं. २०२९) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२३

सनातन धर्मावलम्बीले वेदलाई सर्वाधिक महत्त्वपूर्ण किन मानेका हुन् ?

प्राचीन भारतवर्षले अनेक धार्मिक, दार्शनिक एवं अन्य सिद्धान्तहरूलाई जन्म दिएको छ। भनिन्छ – भारतवर्ष नै एक यस्तो देश हो जहाँ प्राचीनकालदेखि विचार-स्वातन्त्र्य मनुष्यलाई प्राप्त थियो र विचारस्वातन्त्र्यकै कारण भारतवर्षमा धेरै दर्शनशास्त्र र मतमतान्तर विस्तृत हुन सके।[83] जति पनि विद्या संसारमा फैलेका छन् ती सब आर्यावर्त देशबाट अन्य देशहरूमा फैलेका हुन् भन्ने दाबीसमेत गरिएको पाइन्छ।[84] कदाचित् नै संसारमा यस्तो कुनै मान्य सिद्धान्त होला जसलाई भारतवर्षका ऋषि-मुनिहरूले सम्झेका-सोचेका नहोऊन्[85] समेत भनिनुले प्राचीन युगप्रति भारतवर्षमा कति हदसम्म विश्वास एवं श्रद्धा रहेको छ भन्ने देखाउँछ। वेदका सम्बन्धमा यस्तो विश्वास एवं श्रद्धा विशेष मुखर भएको देख्न सकिन्छ।

वेदलाई "सर्वविषयात्मक, सर्वविद्यात्मक तथा सर्वज्ञानप्रकाशात्मक" मान्ने भारतवर्षीय परम्परा रहेको उल्लेखित छ।[86] वेद अनादिकालदेखि नै आर्यहरूको परम्परामा अगाध र अनन्त ज्ञानको भण्डार मानिँदै आएका छन्।[87] वेदलाई आधिभौतिक, आधिदैविक, आध्यात्मिक त्रिविध अर्थहरूका प्रतिपादक, पुरुषार्थ-चतुष्टयका साधक,

83 हिन्दू-संस्कृति और दर्शनशास्त्र (सन् १९५०, पृ. २७४)।
84 सरस्वती (वि.सं. २०२९, पृ. १८३)।
85 ज्ञानी (सन् १९४४, पृ. २०१)।
86 भारतीतीर्थ (सन् १९९९, पृ. ८३)।
87 शास्त्री (सन् १९९६, पृ. १)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

समस्त ज्ञान-विज्ञानका संवाहक मानिएको पाइन्छ ।[88] निम्नलिखित कथनमा पनि उही भाव प्रकट हुन्छ :–

CC-0 In Public Domain. Digitization by eGangotri

> यो सर्वविदित छ कि मानवका ऐहिक र आमुष्मिक कल्याणका साधनरूप धर्मका साङ्गोपाङ्ग विश्लेषण वेदहरूमा नै उपलब्ध छन् । धर्मका साथै अध्यात्म, मर्यादा, ज्ञान-विज्ञान, कला-कौशल, शिल्प-उद्योग आदि यस्तो कुन विषय छ, जसको प्रतिपादन वेदमा नगरिएको होस् ? यही कारण हो कि मनीषिहरूले वेदलाई कालातीत अक्षय ज्ञानका निधान भनेका छन् ।[89]

वेदको अनुपेक्षणका क्रममा तल उद्धृत उद्‌गारमा शब्द फरक भए पनि निहितार्थ उही रहेको छ :–

> यो अमृत-वाक् विश्वको विराट मन या समष्टि ज्ञान हो । यो एक समुद्र हो, जसको एक-एक बिन्दुबाट मानवी मस्तिष्क सोच्छन् र विचार्छन् । व्यक्तिको मनमा जति आजसम्म आइसकेको छ र जे जति भविष्यमा प्रतिभासित हुनेछ, ती सबैको स्रोत उही विश्वात्मक ज्ञानमा छ, जसलाई वेद भनिन्छ । उसैलाई नै अव्यक्त सरोवर, ब्राह्म सर, वाक्-समुद्र या अपौरुषेय ज्ञान भनिन्छ ।[90]

वेदको अतिरिक्त अरु कुनै ज्ञान नै छैन[91] पनि भनिएको पाइन्छ ।

विशेषतः आफूलाई 'आर्य'/'हिन्दू' धर्म एवं संस्कृतिका अनुयायी मान्नेहरूमा यो प्रवृत्ति स्पष्टतः देखिन्छ । उनीहरूका लागि, वेद चरम सत्य हो, यो सामान्य ज्ञान या विद्या मात्र होइन, अपितु लौकिक-अलौकिक समस्त ज्ञानस्वरूप या ज्ञानको बोधक हो ।[92] उनीहरू वेदलाई नै परम्पराको आदिस्रोत मान्दछन् एवं जान्दछन् र मानवजातिको चरम अभ्युदय तिनै वेदविहित आचार-विचार-परम्पराहरूलाई अपनाउनाले नै हुन्छ भन्नेमा दृढ विश्वास गर्छन् ।[93] यो विश्वासको पनि आफ्नै परम्परा छ :–

> भारतवर्षमा कोही ठूलो विद्वान् होस् या अपठित, 'वेद' यस शब्दलाई सुन्नासाथ उसको मनमा एक यस्तो अद्‌भूत भावना जागृत हुन्छ जसबाट ऊ यो सोच्न विवश हुन्छ कि यी वेदमा केही

---

88 जयमन्त मिश्र (सन् १९९९, पृ. २१६) ।

89 खेमका (सन् १९९९, पृ. १७) ।

90 अग्रवाल (सन् १९७२, पृ. ५) ।

91 हिन्दू-संस्कृति और वेद (सन् १९५०, पृ. २७३) ।

92 शर्मा वाशिष्ठ (सन् १९९९, पृ. २३०) ।

93 श्रोत्रिय (सन् १९५४, पृ. २३७) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

> न केही महान् मूल अर्थ [illegible] अवश्य छ। यो धारणा आजको नयाँ होइन, यो धारणा पनि परम्परादेखि पीढी पीढीका मानिसहरूबाट पैतृक सम्पत्तिजस्तै प्राप्त हुँदै वैदिक युगदेखि आजसम्म अविच्छिन्न रूपमा यसरी गाडिएको, कीलित, जडित छ यसलाई कुनै शक्तिले उखाल्न सक्दैन।[94]

भारतवर्षमा ज्ञान-विज्ञान, शस्त्र एवं शास्त्र-विद्या, साहित्य-कला, सभ्यता-संस्कृति आदिको मूल वेद मानिन्छ या यी सबैको सम्बन्ध वेदहरूसँग जोडिन्छ[95]। विशेषतः धर्म एवं दर्शनका परिप्रेक्ष्यमा त झन् वेदलाई नै मूलभूत सिद्धान्तहरूका उद्गमस्थल भनिएको पाइन्छ।[96]

वेदमा एक गुह्य तत्त्व छ र त्यो भारतवर्षीय सभ्यता, भारतवर्षीय धर्म, दर्शन तथा संस्कृतिको मूल स्रोत हो भन्ने मान्यता ऐतिहासिक तथ्यसँग अधिक संगत छ। अर्थात्, वेद भारतवर्षीय सभ्यताको मूल आधार हुन्, यो इतिहासको एक वास्तव तथ्य हो।[97]

*मनुस्मृति*मा "वेदोऽखिलं धर्ममूलम्" (–२।६), "सर्वज्ञानमयो हि सः" (–२।७), "श्रुतिप्रामाण्यतो विद्वान्स्वधर्मे निविशेत वै" (–२।८), "धर्मे जिज्ञासमानानां प्रमाणं परमं श्रुति" (–२।१३) आदि भनिएको पनि यहाँनेर स्मरणीय छ।

व्यक्तिका तहमा मानव जीवनका सबै आयाममा वेदको सान्दर्भिकता, उपयोगीता, महत्ता मानवले देखिरहेका छन्। सामूहिक एवं सामाजिक तहमा पनि संस्कार, संस्कृति, सभ्यताको स्रोत एवं प्रतिमानका रूपमा वेद रहिआएका छन्। अति प्राचीन समयदेखि वर्तमान समयसम्म वेदको नित्यनूतनता एवं सार्वजनीनता पनि प्रमाणितै छ। उपर्युक्त पृष्ठभूमिमा सनातन धर्मावलम्बीले वेदलाई सर्वाधिक् महत्त्वपूर्ण मान्नु औचित्यपूर्ण नै ठहर्छ।

---

94 जोशी (सन् १९६७, पृ. ३५)।
95 भारतीतीर्थ (सन् १९९९, पृ. ८३)।
96 सरस्वती (वि.सं. १९९९, पृ. २१९)।
97 अरविन्द (सन् २००९, पृ. ९)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२४

वैदिक परम्परा भनेको के हो ?

वैदिक परम्परा भन्नाले मूलतः वेदबाट निःसृत परम्परा भन्ने नै अभिहित हुन्छ। वेद संज्ञाले जनाइने वाङ्मयमध्ये मन्त्रात्मक संहिता नै वैदिकताका मूल हुन्। कालक्रममा वेदको बोध कठिन र पहुँचभन्दा बाहिर हुन थालेपछि व्याख्याग्रन्थहरूको आवश्यकता परेकाले पहिलो व्याख्याग्रन्थका रूपमा ब्राह्मणहरू लेखिएका, शनैः शनैः यी पनि दुरुह हुँदै गएपछि आरण्यक, उपनिषद्, वेदाङ्ग आदि पनि व्याख्याक्रमले अस्तित्वमा आए[98] । सोही परम्पराको विकासको फलस्वरूप वेदाङ्ग (शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष) को विस्तीर्ण वाङ्मय लेखिएको छ[99] । वेद र तिनका अङ्ग-उपाङ्गबीचमा चिन्तनको एक मूलधारा सतत प्रवाहित भइरहेको छ र वैदिक परम्पराका सबै शास्त्रहरू वेदार्थ-ज्ञापनकै लागि लेखिएका भन्ने मान्यता रहेको छ[100] । यसरी वेदबाट एक सुदीर्घ चिन्तन-परम्पराको उत्थान भएको छ, जसलाई यहाँ 'वैदिक परम्परा' नाम दिइएको छ।

हिन्दू संस्कृतिको प्राथमिक काल निरूपणको सम्बन्धमा जतिसुकै सन्देह र वैमत्य किन नहोस् योचाहिँ निर्विवाद छ कि वेदबाट नै हिन्दू संस्कृतिको प्राकट्य र प्रसार भएको हो[101] । "वैदिक कालदेखिको अविच्छिन्न ज्ञान र अनुभूतिको परि पृष्ठमा हिन्दू संस्कृतिले आफूलाई उभ्याएको छ"[102] र "हिन्दू जीवनका समस्त

---

98 शर्मा वाशिष्ठ (सन् १९९९, पृ. २३१–२३२)।

99 झा (सन् १९९९)।

100 शास्त्री (सन् १९९९)।

101 न्यायतीर्थ (सन् १९५०, पृ. १३८)।

102 दीक्षित (सन् १९९९, पृ. ९१)।

Pref. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

सामाजिक आधारहरू वेदबाटै निःसृत हुन्छन्”[103] भनिएको पाइन्छ। वर्तमान समयमा “विविधताको दृष्टिले विचार गर्दा हिन्दू संस्कृति हजार भन्दा बढी सम्प्रदाय, शाखा-प्रशाखाहरू एवं मतमतान्तरहरूमा विस्तारित भएको छ”[104] तापनि सबैले कुनै न कुनै प्रकारले आफूलाई वेदसँग सम्बद्ध देखाउने प्रयास गर्छन् । “हिन्दूको सर्वस्व भन्नु वेद हो”[105] भनिएको पाइन्छ भने बौद्ध, जैन, सिक्ख आदि सम्प्रदायले जुन ग्रन्थहरूलाई आफ्नो आचार-विचारको मूल भन्छन् तिनमा पनि, सूक्ष्म विवेचनापूर्ण दृष्टिले हेर्दाखेरि, वैदिक आचार-विचारको प्रतिबिम्ब स्पष्ट देखिन्छ[106] ।

CC-0.In Public Domain. Digitization by eGangotri

वैदिक परम्पराका मुख्य विशेषता :–

- मूलमन्त्र ‘ॐ’ ।
- वेद वा/तथा वैदिक परम्पराका मत वा शास्त्रमा आस्था ।
- निराकार वा/तथा साकार परम्सत्ता (ब्रह्म, परमात्मा, परमेश्वर, भगवान्, जगज्जननी वा अन्य संज्ञा दिइने परम् तत्त्व) मा अखण्ड विश्वास ।
- मूर्त वा अमूर्तको पूजा वा ध्यान ।
- कर्मयोग, भक्तियोग र ज्ञानयोग ।
- स्थूल, सूक्ष्म र कारण शरीर । आधिभौतिक, आधिदैविक र आध्यात्मिक जीवन । ‘आत्मा’ तथा ‘पुनर्जन्म’मा विश्वास । कर्म अनुसारको फल मिल्दछ भन्नेमा विश्वास ।
- पुरुषार्थ चतुष्टय (धर्म, अर्थ, काम, मोक्ष) । मानवजीवनको परम्लक्ष्यका रूपमा ‘मोक्ष’ ।

---

103 खत्री (वि.सं. २०४४) ।
104 आयोदधौम्य (वि.सं. २०५७, पृ. ६) ।
105 भट्टराय (वि.सं. २०३५, पृ. २) ।
106 शर्मा चतुर्वेदी (सन् १९७२, पृ. १९१) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२५

वेदमा दर्शन छ ? कतिपयले त उपनिषद् कालदेखि मात्र दर्शन थियो भन्छन् नि ?

भारतवर्षीय दर्शनशास्त्रको प्रारम्भ वेददेखि नै मानिन्छ। वेदका संहितालाई नै भारतवर्षको धर्म, सभ्यता र अध्यात्म-ज्ञानको सनातन स्रोत मानिएको छ[107]। भारतवर्षका प्राचीन विचारक केवल कुनै एक विचारसरणीको मात्र अनुसरण गर्दैनथे, उनीहरू दार्शनिक एवं अन्य तत्त्वहरूका सम्बन्धमा स्वतन्त्र रूपले विचार गर्ने गर्थे र यसै कारणले प्राचीन भारतमा अनेक सम्प्रदायहरूको विकास भएको थियो[108] पनि भनिए तापनि प्रत्यक्षतः वा अप्रत्यक्षतः वेद नै अधिकतर दार्शनिक परिकल्पनाका लागि जिम्मेवार छन्[109]। वास्तवमा "पछिल्ला हिन्दू सामाजिक मूल्यदर्शनका स्रोत वैदिक वाङ्मय नै हुन्"[110] भनिनु समीचीन हो।

वेदका पाश्चात्त्य अध्येता (जस्तै :– विन्टरनित्ज, म्याकडनल आदि) ले यो कल्पना गरेका छन् कि आर्यहरूले दार्शनिक चिन्तनको प्रारम्भ उपनिषद् युगमा मात्र गरेका थिए र वैदिक कर्मकाण्ड र औपनिषदिक ब्रह्मज्ञानमा परस्पर-विरोध छ[111]। पाश्चात्त्य प्रणालीमा शिक्षित कतिपय भारतवर्षीय लेखकहरूले पनि उक्त दृष्टिकोणलाई स्वीकारेको देखिन्छ।[112] तर, भारतवर्षीय परम्पराले यस्तो कुनै

---

107 अरविन्द (सन् २००३, पृ. २९४)।

108 विद्यालङ्कार (सन् २००१, पृ. २२)।

109 चटर्जी र दत्त (सन् २००७, पृ. १०)।

110 दीक्षित (वि.सं. २०५३क, पृ. ७३)।

111 चटर्जी (सन् १९९९, पृ. ३३६)।

112 उदाहरणका रूपमा राधाकृष्णन्लाई लिन सकिन्छ, जसले वैदिक सूक्तहरूलाई कविह(

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

द्विविधतालाई अनुमति दिएको छैन[113]।
CC-0.In Public Domain. Digitization by eGangotri

भारतवर्षीय आर्यहरूले दार्शनिक विचारणाको प्रारम्भ उपनिषद् युगमा मात्र गरेका थिए र पूर्ववर्ती संहिता तथा ब्राह्मणमा होइन भन्ने दृष्टिकोणलाई जोशी (सन् १९६७) ले "एक महान् धोका" भनी आलोचना गरेका छन् (पृ. १९)। संहिता तथा ब्राह्मण ग्रन्थहरूकै विषयलाई नै उपनिषद्हरूले प्रस्तुत गरेको तथ्यलाई उनी यसरी वर्णन गर्छन् :–

> उपनिषत्कारहरूको आफ्नो कुनै नवीन विषय, आफ्नो कुनै नवीन उद्भावना या नवीन विचारणा रत्तीभर पनि होइन। यिनमा जे जति पनि लिखित, व्याख्यात, वर्णित विषय छ, त्यो मूलतः संहिताहरू र (यिनका पूर्ववर्ती) ब्राह्मण ग्रन्थहरूको संक्षिप्त सार मात्र हो। उनीहरूले आफ्ना आफ्ना शाखाहरूमा वर्णित विषयको नौनीलाई बडो मार्मिक, हृदयस्पर्शी र सरल-सुबोध भाषामा आफ्नो नवीन शैली गद्य-पद्यमय भाषामा लेखेका छन्, यो शैली या भाषामा नै यिनको नवीनता छ, विषय यिनको आफ्नो हुँदै होइन। यस तथ्यलाई यिनै उपनिषत्कारहरूले नै स्थान-स्थानमा स्वयं स्वीकार गरिरहेका छन्। (पृ. १९–२०)

जुन उपनिषद् र ब्राह्मणग्रन्थहरूको अत्यधिक महिमा कहिन्छ, ती सबको स्रोत वेद हो; कालान्तरका यी साहित्यमा जो अमृत दुग्ध छ, त्यसको निर्झर वेदरूपी गौमा नै निहित छ[114]। अनि "आजसम्म विश्व-विख्यात रहेको वैदिक र हिन्दू सभ्यताका मूल निर्माता र स्तम्भहरू तिनै ब्राह्मण पौरोहित्यका विद्वान्हरू थिए"[115]।

वेद अनेकौं दर्शनहरूको स्रोत हो, किनभने यसैबाट ज्ञानको संचय गरेर अनेकौं विचार एवं दर्शनहरूको निर्माणका गरिएको पाइन्छ। वेदबाट तत्त्वहरूलाई

रूको कृति, ब्राह्मणग्रन्थलाई पुरोहितहरूको रचना र उपनिषद्लाई दार्शनिकहरूको मनन एवं चिन्तनको परिणामका रूपमा भेद गर्छन् (सन् १९९८क, पृ. ५२)। उनले श्रुतिका दुई भाग – कर्मकाण्ड (संहिता भाग र ब्राह्मण ग्रन्थ) र ज्ञानकाण्ड (उपनिषद्) – मध्ये ज्ञानकाण्डको महत्त्व अधिक भएको दृष्टिकोण राखेका छन् (सन् १९९८ख, पृ. १२)। त्यस्तै, देवराजले ऋग्वेदमा जहीं-तहीं छिटपुट दार्शनिकजस्ता प्रश्न उठाइएको र कहीं-कहीं त्यस्ता प्रश्नहरूको उत्तर दिने प्रयत्न गरिएको, किन्तु दर्शनको व्यवस्थित आरम्भ उपनिषद्हरूमा भएको दृष्टिकोण राखेका छन् (सन् २००२, पृ. १) भने सिन्हाले वेदको विचारधारा र उपनिषद्को विचारधारामा महान् अन्तर देखिने दाबी गरेका छन् (सन् २००७, पृ. ५४)। तर, वेद र उपनिषद्लाई त्यसरी विपरित जस्तो भनेर लेख्नु दूषित बुद्धिको द्योतक हो।

113 कृष्णानन्द (सन् १९९४, भूमिकाको पृ. १३)।

114 अग्रवाल (सन् १९७२, पृ. ५)।

115 दीक्षित (वि.सं. २०५३ख, पृ. ४३)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

निकालेर पछिका विद्वान्हरूले आफ्नो-आफ्नो विचारका लागि एवं दर्शनहरूको
CC-0.In Public Domain. Digitization by eGangotri
निर्माणका लागि ज्ञानको संचय गरेका छन्[116] । बौद्ध साहित्यमा बुद्धको प्रादूर्भाव अगाडि भारतवर्षमा विद्यमान ६२ दार्शनिक सम्प्रदायहरूको उल्लेख भएको छ[117] । वैदिक-ज्ञान-परम्पराबाटै तीमध्येका कतिपय दर्शनहरू प्रवाहित भएका थिए भन्न सकिन्छ ।

116 मिश्र (सन् २००३, पृ. २८) ।
117 विद्यालङ्कार (सन् २००१, पृ. २२) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२६

वैदिक परम्पराका दर्शन कुन कुन हुन् ?

वैदिक आचार-विचारका स्रोतका रूपमा रहेका वेद-समष्टिको मूलबाट एक सुदीर्घ परम्परा प्रवाहित भएको छ । त्यस परम्पराका अनेक आयाममध्ये दार्शनिक परम्परा पनि एक अभिन्न पाटो हो । वेद वा/तथा वैदिक परम्पराका शास्त्रबाट निःसृत दर्शनहरूलाई विभिन्न लेखकहरूले 'भारतीय'[118] वा 'इण्डियन'[119] दर्शनान्तर्गत राखेको देखिन्छ । यस सन्दर्भमा प्रयुक्त 'भारतीय' शब्दको अर्थ आधुनिककालको कुनै देशविशेषलाई जनाउने गरी नभई प्राचीनकालको व्यापक सांस्कृतिक भूखण्डलाई जनाउने गरी बुझ्नु पर्छ[120] । यसरी नामकरण गर्नेहरूले उक्त संज्ञाले एक बृहत्तर अवधारणालाई जनाई 'भारतीय दर्शन' भनिने एक समूह र वेद वा/तथा वैदिक परम्पराका शास्त्रबाट निःसृत दर्शनहरूलाई त्यसभित्रको एक उपसमूहका रूपमा उल्लेख गर्ने गरेका छन् र उक्त 'उपसमूह' को नामकरण 'आस्तिक दर्शन' भनेर गरिएको पाइन्छ ।

'आस्तिक दर्शन'को प्रणालीलाई ब्राह्मण प्रणाली पनि भनिन्छ[121] । 'आस्तिक

118 जस्तै :– देवराज (सन् २००२), पाण्डेय (सन् २००६), मिश्र (सन् २००३), राधाकृष्णन् (सन् १९९८क, सन् १९९८ख), सिन्हा (सन् २००७) ।

119 जस्तै :– कृष्णानन्द, सन् १९९४; घोष र भट्टाचार्य-चक्रवर्ती, सन् २००६; चटर्जी र दत्त, सन् २००७; चेन्नकेशवन्, सन् १९९१; दासगुप्ता, सन् १९६९; पलित, सन् २००४; प्रसाद, सन् १९८७; राधाकृष्णन्, सन् २००४ए, सन् २००४बी; रामकृष्ण मिसन इन्स्टिच्युट अफ कल्चर, सन् १९९०; सिंह, सन् १९९०; सिन्हा, सन् १९८७; हिरियन्ना, सन् १९५२, सन् १९५६, सन् २००५ ।

120 अधिकारी, वि.सं. २०६०, पृ. २०; दिशानायके, सन् १९८८बी, पृ. ४० ।

121 जस्तै :– मूर्ति (सन् १९९३ पृ. २८–२९) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

दर्शन' लाई नै 'वैदिक दर्शन' भन्ने[122] र यसलाई 'हिन्दू दर्शन' को समानार्थकको रूपमा प्रयोग गर्नेसमेत गरिन्छ[123] । वैदिक, हिन्दू र भारतीय – यी तीनवटै संज्ञालाई समानार्थक मान्ने लेखकहरू पनि नभएका होइनन्[124] । आर्य दर्शन पनि भनिएको पाइन्छ ।[125]

CC-0.In Public Domain. Digitization by eGangotri

पारम्परिक वर्गीकरणको प्रचलनअनुसार भारतवर्षीय दर्शनहरूलाई आस्तिक र नास्तिक गरी दुई भागमा बाँडिन्छ, जसमध्ये वेदको आधिकारिकता/प्रामाणिकता स्वीकार गर्नेलाई 'आस्तिक' र वेदनिन्दकलाई 'नास्तिक' भनिन्छ[126] । मनुस्मृति–२।११ मा "नास्तिको वेदनिन्दकः" भनिएकाले यो परिभाषा वैदिक-परम्पराको मान्यतानुरूप नै देखिन्छ । वेदको आधिकारिकता/प्रामाणिकता स्वीकार गर्ने वा नगर्ने आधारबाट दर्शनहरूको वर्गीकरण गरिनु वेदलाई सन्दर्भ-बिन्दुका रूपमा मिलेको व्यापक मान्यताको द्योतक हो । त्यसैले भनिएको छ : भारतवर्षीय दार्शनिक परिकल्पना सकारात्मक वा नकारात्मक किसिमले वेदबाट बेसरी प्रभावित छ[127] ।

अर्को कुरा, भारतवर्षीय दर्शनका आस्तिक सम्प्रदायहरूको विकास 'सूत्र-साहित्य'द्वारा भएको छ भने नास्तिक दर्शनहरूको विकास यसरी भएको होइन[128] । मीमांसा, वेदान्त, साङ्ख्य, योग, न्याय र वैशेषिक दर्शनहरूका आफ्ना-आफ्ना सूत्र ग्रन्थहरू छन् र यी सबैले वेदको आधिकारिकता/प्रामाणिकता स्वीकार गर्छन् । मीमांसादर्शन जैमिनिकृत *मीमांसासूत्र*बाट, वेदान्तदर्शन बादरायणकृत *ब्रह्मसूत्र*बाट, साङ्ख्यदर्शन कपिलकृत *साङ्ख्यसूत्र*बाट, योगदर्शन पतञ्जलिकृत *योगसूत्र*बाट, न्यायदर्शन गौतमकृत *न्यायसूत्र*बाट र वैशेषिकदर्शन कणादकृत *वैशेषिकसूत्र*बाट प्रणीत मानिन्छन् ।

आचार्य हरिभद्रले *षड्दर्शनसमुच्चय* ग्रन्थमा न्याय, वैशेषिक, साङ्ख्य, योग, मीमांसा र वेदान्तलाई वैदिक/आस्तिक दर्शनका रूपमा उल्लेख गरेका छन्[129] । एक लेखकले भारतवर्षीय दर्शनहरू दुई वा तीन मूल स्रोत वा परम्पराबाट निस्केको बताएका छन् ।[130] उपनिषदुक्त आत्मवादमा आधारित ब्राह्मण प्रणाली र बुद्धको

122 राधाकृष्णन् (सन् १९९८ख, पृ. ११) ।
123 सरस्वती (सन् १९५०, पृ. २५) । उपाध्याय (वि.सं. २०६३) पनि द्रष्टव्य ।
124 जस्तै :– करपात्री, सन् १९५०) ।
125 जस्तै :– उपाध्याय, वि.सं. २०६४ ।
126 चटर्जी र दत्त, सन् २००७, पृ. ५–६; राधाकृष्णन्, सन् १९९८ख, पृ. ११; सिन्हा, सन् २००७, पृ. ६–७ ।
127 चटर्जी र दत्त, सन् २००७, पृ. ६ ।
128 सिन्हा, सन् २००७, पृ. ९ ।
129 तीर्थ, सन् १९९९, पृ. १४१ मा उद्धृत ।
130 मूर्ति (सन् १९९३) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
नैरात्म्यवादमा आधारित बौद्धमतले दुई पृथक् र अनन्य धाराका याथार्थ्य गर्दछन् । ती दुईलाई जैनमतले प्रष्ट मिलाउने हुनाले यसलाई भारतवर्षीय दर्शनको तेस्रो धार भन्न सकिने र यसले आत्मवाद तथा अनात्मवादको बीचमा मध्यमार्ग प्रस्तुत गरेको उनले विचार छ । उनले छवटा आस्तिक र छवटा नास्तिक दर्शन प्रणालीको चर्चा गरिने प्रचलन रहेको एवं साङ्ख्य, योग, न्याय, वैशेषिक, पूर्वमीमांसा र वेदान्तलाई आस्तिक अन्तर्गत र चारवटा बौद्धमतहरू (वैभाषिक, सौत्रान्तिक, विज्ञानवाद, माध्यमिक), जैन तथा चार्वाकलाई नास्तिक दर्शन अन्तर्गत राखिने उल्लेख गरेका छन् ।

आस्तिक समूहमा पर्ने मीमांसा, वेदान्त, साङ्ख्य, योग, न्याय र वैशेषिकलाई प्रायः षड्दर्शन संज्ञाले जनाइन्छ ।[131] उपर्युक्त छ दर्शनलाई 'षड्दर्शन'का साथै 'षट् दर्शन' पनि भनिएको पाइन्छ[132] । आस्तिक दर्शनहरूलाई 'शास्त्र' पनि भनिने गरेको छ र 'षट्शास्त्र' भनेर उक्त छवटा दर्शनहरूलाई नै जनाइने गरेको हो ।[133] वास्तवमा 'वैदिक दर्शन', 'आस्तिक दर्शन', 'षड्दर्शन', 'षट् दर्शन', 'षट्शास्त्र', 'हिन्दू दर्शन' संज्ञाहरूलाई एकअर्काका समानार्थक मानिएको छ ।

आस्तिक दर्शनहरूलाई प्रत्येक समूहमा दुई-दुईवटा समावेश हुने गरी तीनवटा समूहमा बाँड्ने परम्परा रहिआएको छ, जसअनुसार साङ्ख्य र योगलाई मिलाएर 'साङ्ख्य-योग', न्याय र वैशेषिकलाई मिलाएर 'न्याय-वैशेषिक', तथा मीमांसा र वेदान्तलाई मिलाएर 'मीमांसा-वेदान्त' पदावलीले अभिहित गरिन्छ । यद्यपि यी समानतन्त्र दुई पृथक दर्शन-सम्प्रदायहरूबाट निर्मित छन् तथापि अधिकांश सिद्धान्तहरूमा समानता भएका कारणले दुई-दुई सम्प्रदायको समानतन्त्र मानिएको हो[134] ।

मीमांसाको वर्गीकरण यथार्थवादी दर्शनका रूपमा न्याय र वैशेषिक दर्शनहरूसँगै भएको पनि पाइन्छ[135] । मीमांसा र योग मिलेर आधिदैविक विचारको पूर्णता हुने पनि बताइएको छ ।[136] षड्दर्शनमध्ये साङ्ख्य, योग र वैशेषिकलाई

---

131 चटर्जी र दत्त, सन् २००७, पृ. ५ । मिश्र (सन् २००३) ले 'षड्दर्शन' संज्ञाको अनुपयुक्तताबारे चर्चा गरेका छन् । उनी लेख्छन् :– 'षड्दर्शन'को अन्तर्गत कुन-कुन दर्शन गणना हुन्छन् र हुन सक्छन्, यसमा कुनै पनि दुई विद्वान्हरूको एक मत छैन । दोस्रो कुरा यो छ कि 'षड्दर्शन' शब्द धेरै पुरानो पनि होइन । यसको अतिरिक्त यो पनि ध्यानमा राख्नु आवश्यक छ कि दर्शनहरूको सङ्ख्या न त कहिल्यै नियत रह्यो र न नियत हुन सक्छ । जुन विद्वान्लाई जुन दर्शनहरूसँग प्रेम वा विशेष परिचय प्राप्त थियो उनीहरूले तिनै दर्शनहरूलाई 'षड्दर्शन'को अन्तर्गत मानेर या अनियत सङ्ख्यामा नै गणना गराएर तिनको विचार गरेका छन् (पृ. १७)

132 शास्त्री मुसलगाँवकर, सन् १९९२, पृ. ५ ।

133 हिन्दू-संस्कृति और दर्शनशास्त्र, सन् १९५०, पृ. २८१ ।

134 शर्मा, सन् १९९१ख, पृ. ३ ।

135 मुखोपाध्याय, सन् २०००, पृ. १८ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

136 शास्त्री मुसलगाँवकर, सन् १९९२, पृ. ५ ।

नियोजनात्मक, विभाजनात्मक, विघटनात्मक, विच्छेदनात्मक या पृथक्करणात्मक, व्यष्टिस्वरूपका तथा आत्मिक दृष्टिका र न्याय, मीमांसा र वेदान्तलाई संयोजनात्मक, सङ्कलनात्मक, संघटनात्मक, संगतिकरणात्मक या एकत्रीकरणात्मक, समष्टि स्वरूपका तथा ब्राह्मीदृष्टिका भनी दुई समूहमा वर्गीकृत गरेको पनि पाइन्छ[137]।

CC-0.In Public Domain. Digitization by eGangotri

परम्परया मीमांसा र वेदान्तकै समानतन्त्रता मान्य छ र यिनलाई युग्मक मान्नेमा सबैको मतैक्य छ। मीमांसा-विशेषको 'पूर्वमीमांसा' र वेदान्तको 'उत्तरमीमांसा' नाम पनि व्यवहृत छन्। नामकरणबाट यस्तो देखिन्छ कि यी दुई दर्शनहरू एकै हुन् र क्रमिक विशेषण पूर्व र उत्तर थपेर दुईवटामा विभाजन गरिएका हुन्[138]। मीमांसा र वेदान्त क्रमशः कर्म तथा ज्ञानको विवेचनले भिन्न-विषयक भए तापनि समान आधार (वेद) मा आश्रित भएका कारणले समानतन्त्र हुन्। वेदान्तका परवर्त्ती सम्प्रदायहरूलाई छाडिदिने हो भने मीमांसा र वेदान्तका सूत्र-ग्रन्थ एक-अर्काका पूरक नै देखिन्छन्। शङ्कराचार्यको साक्ष्य दिएर भनिएको छ कि दुवै मीमांसाहरूलाई मिलाएर नै 'कृत्स्नशास्त्र' अर्थात् सम्पूर्ण-शास्त्र मानिन्छ।[139]

मीमांसा र वेदान्त मात्र होइन, आस्तिक मतका सबै छवटा दर्शनबीचमै समन्वयात्मक दृष्टिकोण राख्ने परम्परा रहिआएको छ[140]। प्रबोधचन्द्रोदय नामक एक दार्शनिक नाटकलाई उद्धृत गर्दै लेखेको पाइन्छ कि हिन्दू-विचारधाराका छ प्रमुख दर्शन परस्पर एक-अर्काबाट अलग छैनन्, किन्तु विविध प्रकारका दृष्टिकोणबाट एकै स्वयम्भू ईश्वरको स्थापना गर्दछन्। यी सबै मिलेर यत्र-तत्र छरिएका प्रकाशकिरण (ज्ञान) लाई एक केन्दस्थलमा केन्द्रित गर्दछन्; फलस्वरूप मानवले एकै तत्त्वबारे भिन्न भिन्न आयामबाट ज्ञान प्राप्त गर्दछ[141]।

षड्दर्शनले एकै तत्त्वका भिन्न-भिन्न छ अवयवहरूबारेमा प्रतिपादन गरेका हुन् भन्ने महर्षि दयानन्द सरस्वतीको विश्लेषण उल्लेख्य छ, जसअनुसार जसरी घडा बनाउँदा कर्म, समय, माटो, विचार, संयोग-वियोगादिको पुरुषार्थ, प्रकृतिको गुण र कुमाले कारण हुन्छ – त्यसरी नै सृष्टिको जो कर्म कारण छ त्यसको व्याख्या मीमांसामा, समयको व्याख्या वैशेषिकमा, उपादान कारणको व्याख्या न्यायमा, पुरुषार्थको व्याख्या योगमा, तत्त्वहरूको अनुक्रमपूर्वक परिगणनको व्याख्या साङ्ख्यमा र निमित्तकारण (परमेश्वर) को व्याख्या वेदान्तमा भएको हो।[142]

---

137 शास्त्री मुसलगाँवकर, सन् १९९२, पृ. ८।

138 शास्त्री, सन् १९९५, पृ. ३।

139 शर्मा, सन् १९९१ख।

140 भट्टाचार्य, सन् १९९०।

141 राधाकृष्णन्, सन् १९९८क, पृ. ३९।

142 दयानन्द सरस्वती (वि.सं. २०२९, पृ. ५३)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसै गरी, महिम्नः स्तोत्रमा भनिएको छ :– "रुचीनां वैचित्र्यादृजुकुटिलनानापथजुषाम् । नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव ॥" अर्थात् रुचिको भिन्नता वा वैचित्र्यका आधारमा सोझा-सरल, बाङ्गा-टिङ्गा र घुमाउरा आदि अनेकौं पथ, पद्धति र धार्मिक परिपाटीमा बाँडिने मनुष्यहरूका लक्ष्यबिन्दु वा प्राप्य वस्तु एकमात्र तिमी हौ, जस्तोकि विभिन्न प्रकारका रूपाकृतिमा बाँडिएर बग्ने अनेकौं नदीनालाहरूको पानीको एकमात्र गन्तव्यस्थल वा प्राप्य वस्तु एउटै समुद्र हो ।

षड्दर्शनमा जुन भेद प्रतीत हुन्छ, त्यो तात्त्विक होइन र एकत्वमा अनेकताको अभिव्यक्ति र अनेकतामा एकताको दर्शन, यही भारतवर्षीय दर्शनको विशेषता हो ।[143] एक लेखक लेख्छन् :– भारतवर्षीय दर्शनका छ आस्तिक प्रणालीहरूलाई प्रतिस्पर्धी दार्शनिक मतका रूपमा हेर्नु आवश्यक छैन । तिनीहरूलाई स्वतन्त्र सिद्धान्तहरूका रूपमा राम्ररी हेर्न सकिन्छ, प्रत्येकको आफ्नै विशेष विषयवस्तु र क्षेत्र छ जहाँ उक्त दर्शन सर्वोच्च र प्रतिद्वन्द्विविहीन छ ।[144]

उपर्युक्त षड्दर्शन (मीमांसा, वेदान्त, साङ्ख्य, योग, न्याय र वैशेषिक) ले मात्र आस्तिक दर्शनको सूची पूरा नहुने धारणा राख्दै भनिएको छकि ती त मुख्यचाहिँ मात्र हुन् र अन्य आस्तिक दर्शन पनि छन्, जस्तै :– वैयाकरण मत, भैषज्य मत ।[145] भनिन्छ :–

> भारतवर्षमा कुनै साधन, कुनै आचार, कुनै कला यस्तो छैन जो आफ्नो स्वतन्त्र दर्शनशास्त्र नराखोस् । व्याकरणको दर्शनशास्त्र पृथक् र ज्योतिषको पृथक् । उपासनाको एक र योगको दोस्रो । आयुर्वेद, सङ्गीत, चित्रकला – सबैका दर्शनशास्त्र छन् । उपासना, ज्ञान तथा योग त दर्शनका आधारबाटै प्रवृत्त हुन्छन् नै, परन्तु भाषा, वाद्य, नृत्य, चित्र, सङ्केत – यहाँसम्म कि घर बनाउनु, उठ्नु-बस्नु, विवाह आदि सबैले आफ्नो दर्शन राख्छन् । बिना दर्शनशास्त्र कहिँ गति छैन । दर्शनशास्त्र सर्वत्र व्यापक छ । यो जीवनको प्रत्येक क्षेत्रको आधार हो, आश्रय हो ।[146]

यस दृष्टिकोणबाट हेर्दा आस्तिक दर्शनको सूची लम्बिन सक्नेमा कुनै द्विविधा रहँदैन । तथापि 'आस्तिक दर्शन' को सूचीमा समेटिनका लागि प्रत्येक दर्शनले आफू वैदिक परम्पराको भएको पर्याप्त आधार भने दिनै पर्ने हुन्छ । तसर्थ, चाहे तिनीहरू छवटा मानियून् वा त्यस भन्दा बढी, आस्तिक दर्शन नै वैदिक परम्पराका

143 हिन्दू-संस्कृति और दर्शनशास्त्र, सन् १९५०, पृ. २८१ ।

144 मुखोपाध्याय (सन् २०००, पृ. २८) ।

145 चटर्जी र दत्त (सन् २००७, पृ. ६) ।

146 हिन्दू-संस्कृति और दर्शनशास्त्र, सन् १९५०, पृ. २७६ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

दर्शन हुन् भन्ने तथ्य निरूपित हुन्छ ।

CC-0 In Public Domain. Digitization by eGangotri

वैदिक परम्परामा दार्शनिक चिन्तन आधुनिक युगमा पनि भइरहेकै छ र नयाँ नयाँ सिद्धान्तहरूको अभिनिर्माण पनि भइरहेको छ ।[147]

---

147 जस्तै : अधिकारी (वि.सं. २०७२, वि.सं. २०७५क, वि.सं. २०७५ख, वि.सं. २०७५ग, वि.सं. २०७६क, वि.सं. २०७६ख, वि.सं. २०७६ग, वि.सं. २०७६घ), अधिकारी र उपाध्याय (वि.सं. २०७४) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२७

वैदिक धर्म, सनातन धर्म र हिन्दू धर्म संज्ञाहरूलाई नेपालमा समानार्थक मानिएको किन हो ?

नेपालमा वैदिक धर्म, सनातन धर्म र हिन्दू धर्म संज्ञाहरूलाई समानार्थक मान्ने जुन परम्परा रहिआएको छ, यो सत्य तथ्य अनुरूपको मान्यता हो । मूल (जरो, स्रोत) वेद हुनाले वैदिक धर्म भनिएको हो । नित्य एवं कालातीत (अनादि र अनन्त) मानिएको हुनाले सनातन धर्म संज्ञाले बताइएको हो । वेद नामक् मूल, जरो, स्रोतबाट प्रवाहित धारामा अनेकौं सम्प्रदाय, अनेकौं संस्कृति, अनेकौं लौकिक रीतिथिती, नयाँ नयाँ प्रचलन आदि समेत समन्वित भएर अस्तितत्त्वमा आएको साझे पहिचानलाई जनाउन हिन्दु वा हिन्दू संज्ञा प्रचलित भएको हो ।[148] वैदिक धर्म, सनातन धर्म र हिन्दू धर्म संज्ञाहरूमा तात्त्विक भिन्नता छैन । वस्तुतः वैदिक धर्म, सनातन धर्म र हिन्दू धर्म, जे भने पनि चुरो, जरो, मूल, स्रोत, प्राण त वेद नै हो । तसर्थ, वैदिक धर्म, सनातन धर्म र हिन्दू धर्म संज्ञाहरूलाई समानार्थक मानेर नै अघि बढिरहनु पर्छ ।

---

148 अधिकारी (वि.सं. २०७२), आयोदधौम्य (वि.सं. २०५७) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२८

नेपालको मौलिक मष्ट (मष्टो) संस्कृति र तन्त्र परम्पराको वेदसँग कस्तो सम्बन्ध छ ?

नेपालको मौलिक मष्ट (मष्टो) संस्कृतिको मूल, जरो, स्रोत वेद हो । वेदमा कर्म र उपासनाको वैविध्य छ किनभने सृष्टिमा, मानव समाजमा, व्यक्ति व्यक्तिको पात्रतामा विविधता छ । वेद मूलबाट प्रवाहित अनेकौं धाराहरूमध्येको एक धारा हो नेपालको मौलिक मष्ट (मष्टो) संस्कृति पनि । वेद संस्कृत भाषामा भएको र नेपालको मौलिक मष्ट (मष्टो) संस्कृतिका रीतिथिती लौकिक भाषामा भएको हुनाले, तात्पर्य नजान्नेहरूले ऐक्य बोध गर्न नसकेका हुन् । अचेल त कथित् पहिचानको राजनीतिको विषाक्त दृष्टिकोणका कारणले कतिपय व्यक्ति एवं समूहले अनर्गल दुस्प्रचार गरेका छन् । तात्त्विक रूपमा मष्ट (मष्टो) संस्कृति पनि वैदिक धर्म (सनातन धर्म, हिन्दू धर्म) कै विशिष्ट स्वरूप हो ।

नेपाली समाजमा प्रचलित तन्त्रपरम्पराको जरो (मूल) वेदमा छ ।[149] नेपालको तन्त्र परम्पराको मूल, उद्गम, स्रोत वेद हो । ऋग्वेदमै शाक्त तन्त्रको आधार छ । अथर्ववेदमा त तन्त्र पद्धति निकै उजागर देखिन्छ । तात्त्विक रूपमा तन्त्र संस्कृति पनि वैदिक धर्मकै विशिष्ट स्वरूप हो । देश, काल, समाज, सम्प्रदाय आदिका कारणले थपिएका पक्षहरूलाई पनि समावेश गर्नका लागि नै सनातन धर्म एवं हिन्दू धर्म भन्ने संज्ञाहरू प्रचलनमा ल्याइएको हो ।

149 थप परिचर्चाका लागि द्रष्टव्य :– लामिछाने (वि.सं. २०७३) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२९

नेपाल देश र नेपालीजनको लागि वेद किन महत्त्वपूर्ण ?

मानव सभ्यताको लामो कालखण्डसम्म सारा संसारको जीवन-दर्शनले "वेद" बाट मूल आधार प्राप्त गरेको विश्वास गरिन्छ । नेपालजस्ता भारतवर्षका भू-खण्डमा त झन् वेद एवं वैदिक परम्परालाई नै जीवन-दर्शनको एक मात्र दिग्दर्शक स्वीकारिएको थियो । कालान्तरमा वेदान्तर्गत तथा वेदबाह्यसमेत अनेक धाराहरू विकास भए तापनि जरोचाहिँ नै वेद नै हो भन्ने चेतना पनि रहेकै देखिन्छ । वेदलाई नित्य, अनादि, अनन्त, सनातन मानिएको हुनाले भविष्यमा पनि यसले मानव सभ्यतालाई आलोकित पारिरहने, दिग्दर्शन गरिरहने नै छ ।

नेपालको परिप्रेक्ष्यमा, वर्तमानमा "वेद" हाम्रा धर्म, संस्कृति, दर्शन, ज्ञान, सभ्यता, रितिथिति, चालचलन, परम्परा, प्रचलन, व्यवहार सबैको मूल हो भन्ने, ठान्ने एवं मान्ने जनसमुदाय बहुसंख्यक छन् । यस्तो समाजमा "वेद : हाम्रो आत्मा, हाम्रो सर्वस्व"[150] भनेर लेखिनु स्वाभाविकै हो । वेदलाई श्रद्धा गर्ने, पूजा गर्ने, वेदबारे चासो, जिज्ञासा, सरोकार राख्ने र यसको अध्ययन- अन्वेषण-अनुशीलन गर्न चाहनेहरूको सङ्ख्या पछिल्ला केही वर्षहरूमा निकै बढेको पाइएको छ । प्रकाशन पनि सोही अनुसार बढिरहेको छ ।[151] यसरी जनमानसमा वेदप्रतिको आकर्षण बढ्नु

150 रिसाल (वि.सं. २०६८, पृ. ६७) ।

151 जस्तै :- मलाई उपहार प्राप्त भएका सान्दर्भिक पुस्तकहरू - अर्याल (वि.सं. २०७४), आत्रेय (वि.सं. २०७३), उपाध्याय (वि.सं. २०६३, वि.सं. २०६४), उपाध्याय (सन् २००६, वि.सं. २०६३, वि.सं. २०६६क, वि.सं. २०६६ख), गौतम (वि.सं. २०७३), पाठक (वि.सं. २०७५), लामिछाने (वि.सं. [illegible] आयोदधौम्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

नेपाली समाजको सकारात्मक पक्ष हो ।
CC-0.In Public Domain. Digitization by eGangotri

जरा काटिएको रुख जीवनदायिनी शक्तिबाट वञ्चित हुन्छ र मर्छ । संस्कृति, सभ्यता एवं देश पनि आफ्नो जीवनदायिनी स्रोतबाट विमुख भयो भने ढिलोचाँडो पतन हुन्छ हुन्छ । नेपाललाई विश्वकै अग्रणी मुलुक बनाउने हो भने आफ्ना धर्म, संस्कृति, दर्शन, ज्ञान, सभ्यता, रितिथिति, चालचलन, परम्परा, प्रचलन, व्यवहार सबैको मूल "वेद" लाई नेपाली समाजले अवलम्बन गर्नै पर्छ । वैदिक धाराको अक्षुण्ण प्रवाहले नै नेपाली समाजलाई जीवनदायिनी शक्ति दिइरहन्छ ।[152]

नेपाल वैदिक भूमि हो र यो बौद्ध, जैन, बोन, किरात धर्महरूको पनि जन्मभूमि हो ।[153] वैदिक मन्त्र द्रष्टा ऋषिमुनिहरूको यो थलोको सभ्यता, संस्कृति एवं विश्वदृष्टिको स्रोत वेद हो । वैदिक धाराको अविच्छिन्न प्रवाहले नै हामीलाई अति प्राचीन र अति नवीन दुवै पक्षहरूलाई समन्वय गरी व्यवहारमा अवलम्बन गर्न सक्षम बनाउँछ । वेदलाई चिन्नु, जान्नु एवं जीवनमा व्यवहारिकृत बनाउनु नै सर्वाङ्गीण उन्नतिको दिशामा सही कदम हुनेछ । वेदबारे सामान्य जानकारी राख्नु नै वेदको अनुशीलनका मार्गमा पहिलो खुड्किलो हो ।

(वि.सं. २०५७) पनि द्रष्टव्य ।

152 थप परिचर्चाका लागि द्रष्टव्य :- अधिकारी (वि.सं. २०७२, वि.सं. २०७५क, वि.सं. २०७५ख, वि.सं. २०७५ग, वि.सं. २०७६क, वि.सं. २०७६ख, वि.सं. २०७६ग), अधिकारी र उपाध्याय (वि.सं. २०७४) ।

153 आयोदधौम्य । वि.सं. २०५७ । *आस्थाको शान्ति-युद्ध* । विराटनगर नेपाली भाषा-संस्कृति परिषद् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

३०

वेद सनातन धर्मावलम्बीको लागि मात्र हो वा सबैको लागि ?

हाम्रो सर्वाभ्युदयको उपाय के हुन सक्छ ? यस्तो प्रश्न मानवले उहिल्यैदेखि गर्दै आएको छ। आफ्नो उन्नति, प्रगति, अभ्युदयका लागि प्रयत्नशील रहनु चेतनशील मानवको स्वाभाविक प्रवृत्ति हो । आधुनिक युगमा पनि सो प्रश्नको सान्दर्भिकता उत्तिकै छ । हरेक युगको मान्छेलाई आफ्नो जिन्दगीको सार्थकताको सवालले झक्झक्याइरहेको हुन्छ र हुनु पर्छ पनि । वैदिक दर्शन विश्व मानव समुदायको दिग्दर्शक पुनः बनेको अवस्थामा समाजलाई उन्नति, प्रगति, विकासपथमा लम्काउन र शान्तिपूर्ण एवम् सुखमय समाजको प्राप्तितर्फ ठूलो फड्को हुनेछ । सार्वकालिक, शाश्वत, सनातन सत्यपथ वैदिक दर्शनले आत्मसात् गरेको हुनाले हिजोजस्तै आज र भोली पनि विश्वलाई दिग्दर्शन गराउन यो समर्थ छ ।

सबै सुखी हुने, सबै खुशी हुने, आनन्दमय संसारको पक्षपाती छ वैदिक हिन्दू दर्शन । भौतिक उन्नति पनि गर्नु पर्छ, आध्यात्मिक उन्नति पनि गर्नु पर्छ। इहलोक पनि सपार्ने, परलोक पनि सपार्ने – यो लोकमा पनि आनन्द, सूक्ष्म शरीरको पनि आनन्द । यहाँ धर्म त हो जीवनपद्धति । वैज्ञानिकता यसमा ओतप्रोत हुनैपर्दछ। धर्म र विज्ञानको समन्वय । धार्मिकतायुक्त विज्ञान, वैज्ञानिकतायुक्त धर्म ।

वैदिक मतमा ईश्वर माता-पिता दुवै हो - "त्वमेव माता च पिता त्वमेव" । वैदिक धारामा आत्मसात् गरिएका ईश्वर करुणा, दया, मैत्री, शान्ति ओतप्रोत देखिन्छन् । वेदअनुसार, उनी सबैका साझा हुन् । यो मत र ऊ मत भनेर उनी मानव बीचमा भेदभाव गर्दैनन् र सबैको कल्याण गर्छन् । कसैले बाटो बिराएकै छ भने पनि सही मार्ग-निर्देशन गर्न ऋषिहरू सदा तत्पर छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

वैदिक धाराले मानवका लागि मोक्ष (मुक्ति)को लक्ष्य दिएको छ । हाम्रा
CC-0.In Public Domain. Digitization by eGangotri
धर्मशास्त्रले व्यक्तिको पुरुषार्थ-चतुष्टयका रूपमा धर्म, अर्थ, काम र मोक्षलाई बताएका छन् । वैदिक धाराका महान् ऋषिमुनिहरूमा कोही पनि मनुष्य कस्तै परिस्थितिमा पनि मोक्ष पाउने अधिकारबाट नछुटून् भन्ने सर्वहितकारी भावनाले परिपूर्ण विश्व-दृष्टिकोण रहेको देखिन्छ । 'मोक्ष' अर्थात् 'मुक्ति' नै मानवजुनिको परम् लक्ष्य भएको हुँदा हरेक मनुष्यलाई जसरी सम्भव हुन्छ त्यसरी नै र जस्तो उपायले सम्भव हुन्छ त्यही उपायले मोक्षप्राप्तिको बाटो देखाउन ऋषि-महर्षि, सन्त, महात्मा एवं ईश्वरीय अवतारले उपदेश दिनुभएको छ । ती उपदेशले वैदिक धारालाई नै प्रवाहित गरेको मानिन्छ ।

"कृण्वन्तो विश्वमार्यम्" भन्छ हाम्रो वेद – सारा विश्वलाई आर्य बनाऊ । आर्यत्व संस्कार, बानीबेहोरा, धारणा, जीवन व्यवहारसँग सम्बन्धित छ र "विश्वलाई आर्य बनाऊ" भन्दाखेरीमा सबैको नराम्रो/खराब संस्कार, बानीबेहोरा, धारणा हटाइदिएर सबैलाई आर्य बनाउन सकिने मान्यता निहित छ। वैदिक विश्वदृष्टिकोण अवलम्बन गर्नु, वैदिक मतानुसार जीवन बाँच्नु – यही हो आर्य बन्ने विधि । आर्य हुनुको अर्थ हो – वेदको अनुयायी हुनु ।

वेदको अनुयायी हुने अधिकार सबैलाई छ । यस्तो हो, सूर्यमाथि कुन चाहिँ मान्छेको बढी अधिकार छ ? त्यसको प्रकाश एवम् उर्जामाथि कसको बढी अधिकार छ ? सबैको । हो, त्यसलाई उपयोग गर्न सक्नु-नसक्नु आफूमा भर पर्छ । सूर्य उदायो भने 'क' भन्ने व्यक्तिका लागी उदाउने र 'ख' भन्ने व्यक्तिका लागि नउदाउने हुन्छ ? हुँदैन । त्यही साझा सूर्य जस्तै हो सनातन धर्म दर्शन । जसरी सारा संसारभरनै एउटै सूर्य उदाउने हुन् वा उही आकाश सबै देशमाथि छ, त्यसरी नै वैदिक ज्ञान पनि सबैको साझा मार्गदर्शक हो । "वसुधैव कुटुम्बकम्" भन्छ हाम्रो वेद – सारा संसारलाई कुटुम्ब मानिन्छ वैदिक जीवनमा । वैदिक धाराको प्रवाह समष्टि चराचर जगत्को लागि हो, वेदको आलोक सारा विश्व ब्रह्माण्डको निमित्त हो ।[154]

ॐ भूर्भुवः स्वः । तत्सवितुर्वरेण्यं, भर्गो देवस्य धीमहि, धियो यो नः प्रचोदयात् ।

अन्वयः-

ॐ, भूः, भुवः, स्वः, सवितुः, देवस्य, वरेण्यम्, भर्गः, तत्, धीमहि, यः, नः, धियः, प्रचोदयात् ।

---

154 थप परिचर्चाका लागि द्रष्टव्य : अधिकारी (वि.सं. २०७६क) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सन्दर्भ-सामग्री सूची

ऋग्वेद ।[155]

यजुर्वेद ।[156]

सामवेद ।[157]

अथर्ववेद ।[158]

मीमांसासूत्र ।

मनुस्मृति ।

अग्रवाल, वासुदेवशरण । सन् १९७२ । भूमिका । गिरिधर शर्मा चतुर्वेदी, *वैदिक विज्ञान और भारतीय संस्कृति* । पटना : बिहार राष्ट्रभाषा परिषद् ।

अधिकारी, निर्मलमणि । वि.सं. २०६० । *हिन्दूअवधारणामा सञ्चारप्रक्रिया*। स्नातकोत्तर शोधपत्र । पूर्वाञ्चल विश्वविद्यालय ।

अधिकारी, निर्मलमणि । वि.सं. २०६२ । *मीमांसादर्शन निर्देशन*। काठमाडौं : प्रशान्ति पुस्तक भण्डार ।

अधिकारी, निर्मलमणि । वि.सं. २०६८ । वैदिक परम्परा, मीमांसा दर्शन र कुमारिल भट्ट । *स्टुडेन्ट्स् कन्सेप्ट्*, १८, १२–१४ ।

अधिकारी, निर्मलमणि । वि.सं. २०६९ । *सञ्चारप्रक्रियाको भाट्ट-मीमांसा-दार्शनिक अध्ययन* (विद्यावारिधि शोधप्रबन्ध) । वसन्तपुर, काठमाडौं : नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र ।

अधिकारी, निर्मलमणि । वि.सं. २०७१ । *महान् दार्शनिक कुमारिल भट्ट र भाट्ट-मीमांसा-दर्शनको संक्षिप्त परिचय*। काठमाडौं : शिवप्रसाद गौतम, शान्तिदेवी गौतम र सुशील गौतम ।

अधिकारी, निर्मलमणि । वि.सं. २०७२ । *वेद र वैदिक हिन्दू धारा*। झापा : गङ्गादेवी चुडाल ।

---

155 प्रस्तुत पुस्तकको प्रयोजनका लागि :– लुइटेल, तिलकप्रसाद (अनु.) । वि.सं. २०६३ । *ऋग्वेद* (नेपालीमा) । काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

156 प्रस्तुत पुस्तकको प्रयोजनका लागि :– लुइटेल, तिलकप्रसाद (अनु.) । वि.सं. २०६३ । *यजुर्वेद* (नेपालीमा) । काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

157 प्रस्तुत पुस्तकको प्रयोजनका लागि :– लुइटेल, तिलकप्रसाद (अनु.) । वि.सं. २०६३ । *सामवेद* (नेपालीमा) । काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

158 प्रस्तुत पुस्तकको प्रयोजनका लागि :– लुइटेल, तिलकप्रसाद (अनु.) । वि.सं. २०६३ । *अथर्ववेद* (नेपालीमा) । काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

अधिकारी, निर्मलमणि । वि.सं. २०७५क । *नेपालको पुनर्जागरणको अर्थ र आधार* । काठमाडौं : जरो किलो प्रतिष्ठान नेपाल ।

अधिकारी, निर्मलमणि । वि.सं. २०७५ख । वर्तमान नेपालमा धर्मनीति र राजनीति : विमर्शात्मक प्रस्तावना । भीमलाल लामिछाने (प्र.सं.), *ॐकार सन्देश* (पृ. ९१ – १०८) । पोखरा : विश्व हिन्दु महासंघ कास्की ।

अधिकारी, निर्मलमणि । वि.सं. २०७५ग । समन्वयात्मक इतिहास बोध । अर्जुनकुमार पोखरेल (सं.), *धार्मिक सहृदयता सम्मेलन स्मारिका* (पृ. ७२ – ८२) । काठमाडौं : जरो किलो प्रतिष्ठान नेपाल ।

अधिकारी, निर्मलमणि । वि.सं. २०७६क । *सहृदयता दर्शनको प्राक्कथन* । भक्तपुर : सहृदयता समाज नेपाल ।

अधिकारी, निर्मलमणि । वि.सं. २०७६ख । नेपालको स्वाभिमान एवं राष्ट्रिय एकतामा सनातन वैदिक हिन्दू धर्मको भूमिका । *सञ्चारयोग त्रैमासिक*, वर्ष १, अंक १, पृ. ३–८ ।

अधिकारी, निर्मलमणि । वि.सं. २०७६ग । स्थितिगत्यात्मक प्रगतिवाद । *सञ्चारयोग त्रैमासिक*, वर्ष १, अंक २, पृ. ३–७ ।

अधिकारी, निर्मलमणि । वि.सं. २०७६घ । सञ्चार सिद्धान्तीकरण । काठमाडौं : सञ्चारयोग मिडिया ।

अधिकारी, निर्मलमणि, र उपाध्याय, गोविन्दशरण । वि.सं. २०७४ । *राज्यराष्ट्र अवधारणा र सिद्धान्त* (दोस्रो संस्करण) । भक्तपुर : सहृदयता समाज नेपाल ।

अधिकारी, रुद्रमणि । वि.सं. २०१८ । *हिन्दू-धर्म मर्म-विचार* । तनहुं : जुक्तराज शाही ठकुरी ।

अधिकारी, रुद्रमणि । वि.सं. २०२९ । *संक्षिप्त साङ्ग-श्रुति परिचय* । पोखरा : लक्ष्मी प्रेस ।

अरविन्द । सन् १९६८ । *भारतीय संस्कृति के आधार* । अनु. जगन्नाथ वेदालंकार, चन्द्रदी त्रिपाठी । पांडिचेरी : श्री अरविन्द सोसायटी ।

अरविन्द । सन् २००३ । *वेद-रहस्य (उत्तरार्द्ध)* । अनु. जगन्नाथ वेदालंकार, धर्मवीर वेदालंकार । पांडिचेरी : श्री अरविन्द आश्रम प्रकाशन विभाग ।

अरविन्द । सन् २००९ । *वेद-रहस्य (पूर्वार्द्ध)* । अनु. अभयदेव विद्यालङ्कार, जगन्नाथ वेदालंकार । पांडिचेरी : श्री अरविन्द आश्रम प्रकाशन विभाग ।

अर्याल, दीनबन्धु । वि.सं. २०७४ । *हिन्दू जीवन पद्धति* । काठमाडौं : चित्रबहादुर के.सी. तिमिल्सिना ।

आत्रेय, कमलाकान्त । वि.सं. २०७३ । *वैदिक नित्यकर्म मञ्जरी* (दोस्रो संस्करण) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

झापा : कमलाकान्त आत्रेय ।
CC-0.In Public Domain. Digitization by eGangotri
आयोदधौम्य । वि.सं. २०५७ । *आस्थाको शान्ति-युद्ध* । विराटनगर नेपाली भाषा-संस्कृति परिषद् ।

उपाध्याय, गोविन्दशरण । वि.सं. २०६३ । *हिन्दू नैतिक दर्शन* । काठमाडौं : ए.के. प्रकाशन ।

उपाध्याय, गोविन्दशरण । वि.सं. २०६४ । *आर्य दर्शन* । काठमाडौं : विद्यार्थी प्रकाशन ।

उपाध्याय, मुकुन्दप्रसाद । सन् २००६ । *ॐकारभित्रको संसार* । वीरगंज : सुनील कुमार खेतान ।

उपाध्याय, मुकुन्दप्रसाद । वि.सं. २०६३ । *ॐ प्रणव रसमाधुर्य* । काठमाडौं : ढुंगेल परिवार ।

उपाध्याय, मुकुन्दप्रसाद । वि.सं. २०६६क । *प्रणव, पञ्चाक्षर र पशुपतिनाथ* । काठमाडौं : सावित्री ढुंगेल र वेणु ढुंगेल ।

उपाध्याय, मुकुन्दप्रसाद । वि.सं. २०६६ख । *गायत्री तत्त्वदर्शन* । काठमाडौं : लेखक स्वयम् ।क

करपात्री, स्वामी । सन् १९५० । संस्कृति विमर्श । *कल्याण हिन्दू संस्कृति अङ्क*, पृ. ३५–३९ ।

करपात्री, स्वामी । सन् १९९९ । वेद अनादि एवं नित्य हैं । *कल्याण वेद कथाङ्क*, पृ. ३८–३९ ।

कविराज, गोपीनाथ । सन् १९८४ । *भारतीय साधनाकी धारा* । अनु. हंसकुमार तिवारी । पटना : बिहार राष्ट्र भाषा परिषद् ।

किरण, उषा । सन् २००५ । *वैदिक साहित्य में संवाद : सैद्धान्तिक एवं प्रयोगात्मक विश्लेषण* । दिल्ली : नाग पब्लिसर्स ।

खत्री, प्रेमकुमार । वि.सं. २०४४ । *नेपाली समाज र संस्कृति* । काठमाडौं : साझा प्रकाशन ।

खेमका, राधेश्याम । सन् १९९९ । वेद कथाका वैशिष्ट्य : एक परिचय । *कल्याण वेद कथाङ्क*, पृ. १४–२० ।

गजुरेल, छविलाल । वि.सं. २०६२ । *आध्यात्मिक एवं भौतिक चिन्तन* । ललितपुर : साझा प्रकाशन ।

गान्धी, महात्मा । सन् २००१ । *हिन्दू धर्म क्या है ?* नयी दिल्ली : नेशनल बुक ट्रस्ट ।

गैरोला, वाचस्पति । सन् २००३ । संस्कृत साहित्य का इतिहास । वाराणसी : चौखम्बा विद्याभवन ।

गौतम, डिल्लीराम । वि.सं. २०७३ । *सृष्टि एक दृष्टि अनेक* । काठमाडौं : प्राञ्जल नेपाल ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

चटर्जी, वसन्तकुमार । सन् १९९९ । वैदिक कर्म और ब्रह्मज्ञान । *कल्याण वेद कथाङ्क*, पृ. ३३६–३३८ ।

CC-0.In Public Domain. Digitization by eGangotri
जोशी, हरिशङ्कर । सन् १९६७ । *वैदिक योगसूत्र* । वाराणसी : चौखम्बा संस्कृत सीरीज ।

ज्ञानी, शिवदत्त । सन् १९४४ । *भारतीय संस्कृति* । दिल्ली : राजकमल प्रकाशन ।

झा, नरेश । सन् १९९९ । वेदाङ्गोंका परिचय । *कल्याण वेद कथाङ्क*, पृ. १८२–१८८ ।

तीर्थ, दत्तयोगेश्वरदेव । सन् १९९९ । वेदवाङ्मय परिचय । *कल्याण वेद कथाङ्क*, पृ. १४६–१४९ ।

त्रिपाठी, दुर्गादत्त । सन् १९५० । हिन्दू संस्कृतिका आधार । *कल्याण हिन्दू संस्कृति अङ्क*, पृ. २४४–२४९ ।

त्रिपाठी, मुकुन्दपति । सन् १९९९ । अनन्ता वै वेदाः । *कल्याण वेद कथाङ्क*, पृ. २६३–२६५ ।

त्रिवेदी, रामगोविन्द । सन् १९९९ । वैदिक साहित्यका परिचय 'कल्पसूत्र' । *कल्याण वेद कथाङ्क*, पृ. १८८–१९३ ।

दीक्षित, मदनमणि । वि.सं. २०४७ । *त्यो युग* । काठमाण्डौं : समीक्षा ।

देवराज, नन्द किशोर (सं.) । सन् २००२ । *भारतीय दर्शन* । लखनउ : उत्तरप्रदेश हिन्दी संस्थान ।

न्यायतीर्थ, श्रीजीव । सन् १९५० । हिन्दू संस्कृति और स्वाधीनता । *कल्याण हिन्दू संस्कृति अङ्क*, पृ. १३८ ।

पाठक, तीर्थराज । वि.सं. २०७५ । *अध्यात्म चिन्तन* । काठमाडौं : जरो किलो प्रतिष्ठान नेपाल ।

पाण्डेय, कपिलदेव । सन् २००१क । *मीमांसान्यायप्रकाश विमर्श* । वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

पाण्डेय, कपिलदेव । सन् २००१ख । उपोद्घात । *मीमांसान्यायप्रकाश विमर्श* । वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

पाण्डेय, प्रियम्वदा कुमारी । सन् २००६ । *भारतीय दर्शन : शब्द, अर्थ एवं सम्बन्ध* । दिल्ली : नाग पब्लिसर्स ।

पौडेल, देवराज । वि.सं. २०५८ । प्रस्तावना । *आपस्तम्ब धर्मसूत्र* । काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

प्रकाश, श्याम । सन् १९६६ । *भारतीय कला एवं संस्कृति* । आगरा : रवीन्द्र प्रकाशन ।

प्रपन्नाचार्य, स्वामी । वि.सं. २०६० । *वेदमा के छ ?* काठमाडौं : साझा प्रकाशन ।

भगवद्दत्त । सन् १९५० । आर्य-वाङ्मय । *कल्याण हिन्दू संस्कृति अङ्क*, २४(१), २५०–२५५ ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

भारतीतीर्थ, शङ्कराचार्य स्वामी । सन् १९९९ । अपौरुषेय वेदोक्त श्रेयस्कर मार्ग । *कल्याण वेद कथाङ्क*, पृ. ८३–८६ ।

मिश्र, उमेश । सन् २००३ । *भारतीय दर्शन* । लखनउ : उत्तरप्रदेश हिन्दी संस्थान ।

मिश्र, जयमन्त । सन् १९९९ । व्यूत्पत्ति-मूलक वेद-शब्दार्थ । *कल्याण वेद कथाङ्क*, पृ. २१५–२१६ ।

मिश्र, युगलकिशोर । सन् १९९९ । वेदस्वरूप । *कल्याण वेद कथाङ्क*, पृ. १५०–१५६ ।

मिश्र, श्रीकिशोर । सन् १९९९ । वैदिक वाङ्मयका शास्त्रीय स्वरूप । *कल्याण वेद कथाङ्क*, पृ. १५७–१६२ ।

मिश्र, लालविहारी । सन् १९९९ । ब्रह्मस्वरूप वेद । *कल्याण वेद कथाङ्क*, पृ. १४३–१४५ ।

राधाकृष्णन् । सन् १९९८क । *भारतीय दर्शन (भाग १)* । अनु. नन्दकिशोर गोभिल । दिल्ली : राजपाल एण्ड सन्ज ।

राधाकृष्णन् । सन् १९९८ख । *भारतीय दर्शन (भाग २)* । अनु. नन्दकिशोर गोभिल । दिल्ली : राजपाल एण्ड सन्ज ।

रिसाल, शिवगोपाल । वि.सं. २०६८ । *वैदिक संस्कृति* (दोस्रो संस्करण) । ललितपुर : साझा प्रकाशन ।

लामिछाने, भीमलाल । वि.सं. २०७५ । *हिन्दु धर्मको उत्पत्ति र विस्तार* (दोस्रो संस्करण) । काठमाडौं : सांग्रिला पुस्तक ।

लामिछाने, माधवप्रसाद । वि.सं. २०७३ । *नेपाली समाजमा तन्त्रपरम्परा* । काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

विद्यालङ्कार, सत्यकेतु । सन् २००१ । *प्राचीन भारतकी शासन पद्धति और राजशास्त्र* । नईदिल्ली : श्री सरस्वती सदन ।

शर्मा, गोपीकृष्ण । वि.सं. २०५६ । *संस्कृत साहित्यको रूपरेखा* । काठमाडौं : अभिनव प्रकाशन ।

शर्मा चतुर्वेदी, गिरिधर । सन् १९७२ । *वैदिक विज्ञान और भारतीय संस्कृति* । पटना : बिहार राष्ट्रभाषा परिषद् ।

शर्मा, मनमोहनलाल । सन् १९६७ । *भारतीय संस्कृति और साहित्य* । अजमेर : चित्रगुप्त प्रकाशन ।

शर्मा, रघुनन्दन । सन् १९९० । *वैदिक सम्पत्ति* । पानीपत, हरयाणा : माता कलावती धर्मार्थ न्यास ।

शर्मा वाशिष्ठ, श्याम । सन् १९९९ । वेदों का स्वरूप और पारमार्थिक महत्त्व । *कल्याण वेद कथाङ्क*, पृ. २३०–२३४ ।

शास्त्री, दयाशङ्कर । सन् २००८ । *लौगाक्षिभास्करकृतः अर्थसंग्रह* । वाराणसी :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

चौखम्बा विद्याभवन ।
CC-0 In Public Domain. Digitization by eGangotri
शास्त्री, प्रेमाचार्य । सन् १९९९ । वेदों की रचना किसने की ? *कल्याण वेद कथाङ्क*, पृ. २२५–२२७ ।

शास्त्री, माधवाचार्य । सन् १९९९ । वेद शब्दका तात्पर्यार्थ क्या है ? *कल्याण वेद कथाङ्क*, पृ. ७९–८१ ।

शास्त्री, रमाकान्त । सन् १९९८ । *वैदिक वाङ्मयका इतिहास* । वाराणसी : चौखम्बा विद्याभवन ।

शास्त्री, वेदप्रकाश । सन् १९९९ । वेद और वेदव्यास । *कल्याण वेद कथाङ्क*, पृ. २६–२९ ।

शास्त्री, श्यामनारायण । सन् १९९९ । सभी शास्त्र वेदका ही अनुसरण करते हैं । *कल्याण वेद कथाङ्क*, पृ. २६७–२६९ ।

श्रोत्रिय, दशरथ । सन् १९५० । हिन्दू संस्कृति और सभ्यता । *कल्याण हिन्दू संस्कृति अङ्क*, पृ. २३७–२४० ।

सक्सेना, प्रवेश । सन् २००१ । *वेदों में क्या है* ? दिल्ली : पुस्तक महल ।

सरस्वती, महर्षि दयानन्द । वि.सं. २०२९ । *सत्यार्थ-प्रकाश* । नई दिल्ली : दयानन्द संस्थान ।

सरस्वती, विज्ञानानन्द । वि.सं. १९९९ । वेद रहस्य । *कल्याण वेद कथाङ्क*, पृ. २१९–२२४ ।

सरस्वती, स्वामी ब्रह्मानन्द । सन् १९५० । हिन्दू संस्कृति । *कल्याण हिन्दू संस्कृति अङ्क*, पृ. २३–३२ ।

सिंह, भजन 'सिंह' । सन् १९६८ । *आर्यों का आदि निवास : मध्य हिमालय* । इलाहाबाद : रचना प्रकाशन ।

सिन्हा, हरेन्द्र प्रसाद । सन् २००७ । *भारतीय दर्शन की रूपरेखा* । दिल्ली : मोतीलाल बनारसीदास ।

सुमन, रामनाथ । सन् १९९९ । 'मित्रस्य चक्षुषा समीक्षामहे' । *कल्याण वेद कथाङ्क*, पृ. ५०३–५०५ ।

सुवेदी, हंसपुरे । वि.सं. २०६० । *नेपाली लोकपद्य : परिचय-विवेचना* । काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

स्वामी, किशोरदास (सं.) । सन् १९७७ । *महामहोपाध्यायश्रीमत्पार्थसारथिमिश्रप्रणीता शास्त्रदीपिका* । वाराणसी : साधुवेला संस्कृत महाविद्यालय ।

हिन्दू संस्कृति और दर्शनशास्त्र । सन् १९५० । *कल्याण हिन्दू संस्कृति अङ्क*, पृ. २७४–२८९ ।

हिन्दू संस्कृति और वेद । सन् १९५० । *कल्याण हिन्दू संस्कृति अङ्क*, पृ. २६४–२७३ ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Adhikary, N. M. (2010). *Sancharyoga:* Approaching communication as a *vidya* in Hindu orthodoxy. *China Media Research, 6*(3), 76-84.

Adhikary, N. M. (2012). Hindu teaching on conflict and peacemaking. In L. Marsden (Ed.), *Ashgate research companion on religion and conflict resolution* (pp. 67-77). Farnham, Surrey (UK): Ashgate Publishing.

Adhikary, N. M. (2014). *Theory and practice of communication – Bharata Muni*. Bhopal: Makhanlal Chaturvedi National University of Journalism and Communication.

Adhikary, N. M. (2016). Hinduism. *International Encyclopedia of Communication Theory and Philosophy*, pp. 831-838.

Bhattacharyya, H. (Ed.). (1993). *The cultural heritage of India: Vol. 3 The philosophies*. Calcutta: Ramakrishna Mission Institute of Culture.

Chatterjee, S., and Datta, D. (2007). *An introduction to Indian philosophy.* New Delhi: Rupa & Co.

Deshpande, G. T. (2009). *Indian poetics*. Mumbai: Popular Prakashan.

Hiriyanna, M. (1952). *Popular essays in Indian philosophy.* Mysore: Kavyalaya Publishers.

Hiriyanna, M. (1956). *Outlines of Indian philosophy*. London: George Allen and Unwin.

Hiriyanna, M. (1993). Philosophy of values. In In H. Bhattacharya (Ed.). *The cultural heritage of India, Vol. III, The Philosophies* (pp. 645-654). Calcutta: The Ramakrishna Mission Institute of Culture.

Hiriyanna, M. (2005). *The essentials of Indian philosophy.* New Delhi: Motilal Banarasidass.

Josi, Lakshmanasastri. (1996). *Critique of Hinduism and other religions*. Bombay: Popular Prakashan.

Krishnananda, S. (1994). *A short history of religious and philosophic thought in India.* Shivanandanagar: Divine Life Society.

Mishra, G. (2006). Scope and limits of *sruti* as a *pramana*: Perspectives from Purva Mimamsa and Advaita Vedanta. In M. Ghosh and B. Bhattacharya Chakrabarti (Eds.), *Sabdapramana in Indian philosophy* (pp. 108-117). New Delhi: Northern Book Centre.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

Misra, V. N. (2008). *Foundations of Indian aesthetics*. Gurgaon, Haryana: Shubhi Publications.
CC-0.In Public Domain. Digitization by eGangotri
Mohanty, J. N. (2001). *Explorations in philosophy* (Vol. I). New Delhi: Oxford University Press.

Mukhopadhyay, P. K. (2000). Introduction. In K. Neupane, *Mimamsatarkabhasa* (pp. 14-79). Kathmandu: Jayatu Samskritam.

Murti, T. R. V. (1993). Rise of the philosophical schools. In H. Bhattacharya (Ed.). *The cultural heritage of India, Vol. III, The Philosophies* (pp. 27-40). Calcutta: The Ramakrishna Mission Institute of Culture.

Prasad, J. (1987). *History of Indian epistemology.* New Delhi: Munshiram Manoharlal.

Radhakrishnan, S. (2004a). *Indian philosophy (Vol. 1)*. New Delhi: Oxford University Press.

Radhakrishnan, S. (2004b). *Indian philosophy (Vol. 2)*. New Delhi: Oxford University Press.

Ramakrishna Mission Institute of Culture. (1990). *Indian philosophical systems*. Calcutta.

Sinha, J. (1987). *Indian philosophy (vol. I)*. Calcutta: New Central Book Agency.

Singh, J. (1990). *Verbal testimony in Indian philosophy.* Delhi: Parimal Publications.

Swahananda, S. (2001). *Hindu symbology and other essays.* Chennai: Sri Ramakrishna Math.

Wilke, A., and Moebus, O. (2011). *Sound and communication: An aesthetic cultural history of Sanskrit Hinduism*. Berlin: Gruyter.

Zaehner, R. C. (1992). Introduction. *Hindu scriptures*. London: David Campbell Publishers.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

युगद्रष्टा निर्मलमणि अधिकारीका नवीनतम् कृतिहरु :







ISBN 9789937068895
9 789937 068895

जरो किलो प्रतिष्ठान नेपाल

मूल्य रु. १५०/-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.